मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक ५३ • २०८१ साल पुष १७ गते बुधबार • Wednesday 01, January 2025 • सूर्योदयः बिहान ६:५४ बजे • सूर्यास्तः साँझ ५:२१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## डिजेल र पेट्रोलको मूल्यवृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य बढाएको छ । इण्डियन आयल कर्पोरेशनले पठाएको नयाँ मूल्यसूचीअनुसार निगमले पेट्रोल लिटरमा १ रुपैयाँ र डिजेलमा २ रुपैयाँ बढाएको हो । नयाँ मूल्यअनुसार अब काठमाडौँ उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर १ सय ६३ रुपैयाँ पर्नेछ । डिजेल प्रतिलिटर १ सय ५३ रुपैयाँ पर्नेछ । निगमले हवाई इन्धनको मूल्य भने घटाएको निगमका प्रवक्ता मनोज ठाकुरले बताए । हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर २ रुपैयाँले घटाएर प्रतिलिटर १ सय २६ रुपैयाँ कायम गरेको छ । हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ (काठमाडौँका लागि) प्रतिकिलोलिटर अमेरिकी डलर १५ का दरले घटाएको निगमले जनाएको छ । नयाँ मूल्य मंगलबार राति १२ बजेपछि लागू हुनेछ । निगमले खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखेको छ ।

# छ सय बढी सीमान्तकृत छात्रालाई छात्रवृत्ति

***मधेशदृष्टि***
***जनकपुरधाम ।***
*सीमान्तकृत तथा विपन्न समुदायका छात्राको उच्च शिक्षामा पहुँच बढाउन मधेश प्रदेश सरकारले प्रदेशका छ सयभन्दा बढी छात्रालाई छात्रवृत्ति दिने प्रक्रिया अघि बढाएको छ । दलित, विपन्न, मुस्लिम तथा जेहेन्दार गरेर चार समूहमा विभक्त छात्रवृत्तिका लागि लाभग्राहीको छनोट अन्तिम चरणमा पुगेको मधेश प्रदेश शिक्षा निर्देशनालयका निमित्त निर्देशक ठूलोबाबु दाहालले बताए ।*
*उनका अनुसार, छात्रवृत्तिका लागि छनोटमा परेका निर्धारित समूहका छात्रालाई सामान्य धारतर्फ २५ हजार रुपैयाँ र प्राविधिक धारतर्फ ३५ हजार रुपैयाँ वार्षिक छात्रवृत्ति रकम दिइनेछ । पर्याप्त संख्यामा आवेदन परेकाले निर्धारित चार समूह र जिल्लागत ढङ्गले बराबरी हुनेगरी छात्रवृत्तिका लागि उम्मेदवार छनोट हुने निमित्त निर्देशक दाहालको भनाइ छ । प्रदेश सरकारले कार्यक्रमका लागि चालु आर्थिक वर्षमा एक करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ ।*
*प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आर्थिक हिसाबले कमजोर तथा जेहेन्दार छात्रालाई उच्च शिक्षा हासिल गर्न सुविधा हुने र आत्मबल वृद्धि गर्ने उद्देश्यले छात्रा छात्रवृत्ति कार्यक्रम ल्याइएको बताए । उनले आर्थिक कारणले नै छात्राको पढाइ अवरूद्ध हुने गरेको अनुभवका आधारमा छात्रवृत्ति दिएर छोरी शिक्षालाई प्रदेशमा प्रवद्र्धन गर्न थालिएको उल्लेख गरे । मधेश प्रदेशमा जन्मिएर देशका कुनै पनि सामुदायिक सार्वजनिक शिक्षण संस्थामा अध्ययनरत निर्धारित समूहका छात्रालाई दरखास्त दिन गत मङ्सिरमा आह्वान गरिएको थियो । जनकपुरधामस्थित प्रदेश शिक्षा निर्देशनालय र प्रदेशका आठवटै जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइको कार्यालयमा दरखास्त दिने व्यवस्था गरिएको थियो ।*
*प्रदेश शिक्षा निर्देशनालयका निमित्त निर्देशक दाहालले निर्देशनालयमा एक हजार ७१ दरखास्त परेको र विभिन्न जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइबाट दरखास्त सङ्कलन भइरहेको जानकारी दिए । छनोटमा परेका छात्रालाई सीधा खातामा जानेगरी छात्रवृत्ति रकम पठाइने निर्देशनालयका अधिकृत थानेश्वर यादवले बताए ।*

## एक हजार ८१ शहीद परिवारका सदस्यलाई स्वास्थ्य बीमा



मधेश प्रदेश सरकारले मधेश आन्दोलन र सशस्त्र द्वन्द्वमा शहीद भएका परिवारका लागि स्वास्थ्य बीमा गर्ने भएको छ । मधेश आन्दोलन र सशस्त्र द्वन्द्वमा शहीद भएका एक हजार ८१ परिवारलाई स्वास्थ्य बीमा गर्न मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालय र स्वास्थ्य बीमा बोर्डबीच सहमति सम्झौता भएको छ ।
प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयका प्रदेशसचिव उद्धवप्रसाद रिजालका अनुसार स्वास्थ्य बीमाका लागि आवश्यक शहीद परिवारका विवरण सङ्कलन गर्न स्वास्थ्य बीमा बोर्डका कर्मचारी फिल्डमा खटिइसकेका छन् । विवरण प्रशोधन गरेर नामावली तयार भएपछि सरकारले स्वास्थ्य बीमा प्रयोजनका लागि बोर्डलाई प्रतिपरिवार तीन हजार पाँच सय रुपैयाँका दरले रकम पठाउने प्रदेशसचिव रिजालले बताए ।
पाँच जनासम्म सदस्य रहेका प्रतिपरिवारले वार्षिक तीन हजार पाँच सय रपैयाँ प्रिमियम तिर्नुपर्नेछ । प्रदेश सरकारले मधेश आन्दोलन र सशस्त्र द्वन्द्वका शहीद परिवारको स्वास्थ्य बीमाका लागि ४० लाख रुपैयाँ चालु आर्थिक वर्षमा विनियोजन भएको छ ।

# आजपा नेताको भारतीय नेतासँग भेट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारत भ्रमणमा रहेका पूर्वमन्त्री प्रभु साह नेतृत्वको आमजनता पार्टी (आजपाका) स्थायी कमिटी सदस्य विजय यादव निर्विजले भारत, प्रदेश राज्य गुजरातको ग्रामीण विकास, श्रम र रोजगार क्याबिनेट मन्त्री बलवन्तसिंह राजपूतसँग भेट गरेका छन् ।
गुजरातको राजधानी गुजरातस्थित मन्त्रीको कार्यालय भवनमा भएको भेटमा दुई देशबीच धार्मिक, सांस्कृतिक, पर्यटन, आर्थिक विकास सम्बन्धलाई प्रगाढ बनाउनुको साथै गुजरातमा रहेका नेपाली श्रमिकको सम्मान र सुरक्षाका विषयमा सहयोगलगायतका विषयमा कुराकानी भएको आमउद्योग वाणिज्य संघका अध्यक्ष साजन जयसवालले बताए ।
भेटघाटमा ग्रामीण विकास, श्रम र रोजगार क्याबिनेट मन्त्री राजपूतले




नेपालका पूर्वमन्त्री प्रभु साहको नेतृत्वको आमजनता पार्टीले अपनाएको विचारधाराको सराहना गर्दै निकट भविष्यमा नेपाल भ्रमण गर्ने प्रतिवद्धता गरे ।
केही दिनअगाडि मात्रै स्थायी कमिटी सदस्य विजय यादव निर्विजको प्रमुख आतिथ्यमा भारतको मुम्बईमा आम नेपाली एकता समाजको विशेष बैठक समाजसेवी शेख इरसाद जीको अध्यक्षतामा भएको थियो । नेपालका विभिन्न ठाउँबाट मुम्बई, नयाँ दिल्लीलगायतका शहरमा काम गर्ने नेपालीको सम्मान एवम् सुरक्षाका लागि आजपा अध्यक्ष प्रभु साहको उपस्थितिमा चाँडै बृहत् भेलाले गरिने स्थायी कमिटी सदस्य निर्विजले बताए ।

# पुस २५ बाट मधेशमा एमबिबिएस पढाइ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले पुस २५ गतेदेखि चिकित्साशास्त्रतर्फ स्नातक (एमबिबिएस) को पठनपाठन शुरु गर्ने भएको छ । पढाईका लागि आवश्यक सबै तयारी पूरा भएको प्रतिष्ठानले जनाएको छ ।
एमबिबिएस अध्ययन अध्यापन शुरु गराउन आवश्यक भौतिक पूर्वाधारको स्तरोन्नति, थप उपकरणसहित विशिष्टिकृत ल्याब सञ्चालन तथा विभिन्न फ्याकल्टीका लागि जनशक्ति व्यवस्थापन तथा चिकित्सा शिक्षा आयोगले छात्रवृत्तिमा पढ्न सिफारिस गरेका विद्यार्थी भर्ना कार्य सम्पन्न भइसकेको प्रतिष्ठानका उपकुलपति डा.अंकुर साहले जानकारी दिए ।
मधेश प्रदेशमा सरकारीस्तरमा एमबिबिएसको पठनपाठन हुने प्रतिष्ठान पहिलो शैक्षिक संस्था भएको छ । उपकुलपति डा. साहले चिकित्सा शिक्षा आयोगले निर्धारण गरेको रकम भुक्तान गरी एमबिबिएस पढ्न चाहनेका लागि पुस २४ गतेसम्म नामाङ्कन हुने जानकारी दिए । प्रतिष्ठानमा अहिले स्नातकतर्फ नर्सिङ, पब्लिक हेल्थ र मेडिकल ल्याब टेक्नोलोजी तथा चिकित्साशास्त्रको स्नातकोत्तरतर्फ चार विषयमा पठनपाठन हुँदै आएको छ । चिकित्साशास्त्रमा महँगो र लामो अवधिको पढाइ एमबिबिएस भने यसै शैक्षिक सत्रबाट शुरु गरिन लागेको छ ।
प्रदेश मन्त्रिपरिषद् बैठकले प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरको स्तरोन्नति गर्दै एमबिबिएस अध्ययन गराउन स्रोत सुनिश्चित गर्ने निर्णयपछि यसका लागि साउन महिनाबाट भौतिक पूर्वाधार, उपकरण, अस्पतालको सेवा विस्तार तथा गुणस्तर वृद्धि, जनशक्ति व्यवस्थापन कार्ययोजनालगायतका कार्य कार्यान्वयन गरिएको थियो ।
त्यसलगत्तै एमबिबिएस कक्षा सञ्चालनका लागि आवश्यक



तयारी शुरु गरिएको थियो । चिकित्सा शिक्षा आयोगले भदौमा ५० विद्यार्थीको कोटा दिँदै एमबिबिएस कक्षा सञ्चालन गर्न प्रतिष्ठानलाई स्वीकृति दिएको थियो । प्रतिष्ठानका उपकुलपति डा.साहले एमबिबिएस पठनपाठनका लागि प्रादेशिक अस्पताल जनकपुर परिसरमै कक्षाकोठा, छात्रावासको व्यवस्था गरिएको जानकारी दिए ।
उनले क्लिनिकल अध्ययनका लागि पहिलेदेखिकै पूर्वाधार स्तरोन्नति गरिएको र आधारभूत चिकित्सा विज्ञानअन्तर्गत एनाटोमी, फिजियोलोजी, बायोकेमेस्ट्री, माइक्रोबायोलोजी, प्याथालोजी, फर्माकोलोजी, कम्युनिटी मेडिसिनलगायत विषय अध्यापन गराउन जनशक्ति व्यवस्थापन गरिएको जानकारी दिए ।
जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएसको पठनपाठन शुरु भएपछि चिकित्सा सेवामा सुधार, चिकित्सकको वृत्तिविकासमा टेवा, चिकित्साशास्त्रको अध्ययन अनुसन्धानमा तीव्रता हुनुका साथै जनकपुरधामको शैक्षिक अवस्थामा सकारात्मक परिवर्तन आउने विश्वास गरिएको छ ।

# रवि लामिछानेसहित टोलीको थुनछेक बहस शुरु

**मधेशदृष्टि**
**पोखरा ।**
पोखराको सूर्यदर्शन सहकारी ठगीसहित सम्पत्ति शुद्धीकरण, संगठित अपराध र राष्ट्र बैंक ऐन कसुरमा दर्ता भएको मुद्दामा जिल्ला अदालत कास्कीमा थुनछेक बहस शुरु भएको छ । ७ जना प्रतिवादीसँग बयान सकेर मंगलबारदेखि थुनछेक बहस शुरु भएको हो ।
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, पूर्वडिआइजी छविलाल बञ्जाडे जोशी, पूर्वसांसद मीना गुरुङ, जिबी राई समूहकी लिला पछाईं, रामबहादुर खनाल, पूर्वसञ्चालक समिति सदस्य कृष्णबहादुर गुरुङ र आरती गुरुङसँग बयान सकेर थुनछेक बहस थालिएको हो । बहस शुरु भएसँगै धेरैको ध्यान कास्की जिल्ला अदालतमा केन्द्रित भएको छ । कति दिनमा आदेश आउँछ भन्न सकिन्नँ । यद्यपि कम्तीमा ३ दिन लाग्ने अदालत स्रोत बताउँछ ।
बुधबार पूरै सरकारी वकिलको बहस चल्नेछ, बिहीबार पीडितका पक्षबाट बहस सकिए शुक्रबार प्रतिवादीतर्फका वकिलहरूले बहस गर्नेछन् । शुक्रबार जवाफी बहस सकियो भने सोही दिन आदेश आउँछ । यदि सकिएन भने बहस लम्बिन सक्छ । मंगलबार मुद्दाको परिचय जस्तो मात्रै भएको छ । जिल्ला सरकारी वकिल कार्यालयकी सहायक जिल्ला न्यायाधीवक्ता शान्तिदेवी शर्मा र सुजाता पौडेलले बहस गरेका थिए ।
उनीहरुले सबै प्रतिवादीको हकमा प्रतिवादीको अभियोग दाबीबारे जानकारी गराएका स्रेस्तेदार राजन खनालले जानकारी दिए । ‘अभियो जन पक्षको बहस नै बाँकी छ । जाहेरवालाको पक्षबाट बहस भइसकेपछि प्रतिवादीको तर्फबाट वकिलहरूले थुनछेक बहस गर्नुहुन्छ,’ उनले भने, ‘कतिदिन लाग्छ भन्ने यसै भन्न सकिएन ।’ मंगलबार बहस चल्दैगर्दा प्रतिवादी कृष्णबहादुर गुरुङको रुवाबासी चलेपछि बहस स्थगित भएको छ ।



‘कृष्णबहादुर गुरुङको नाम आएपछि रुवाबासी चल्यो । मुद्दामा छिरेर प्रतिवादीका बारेमा कुरा गर्दैगर्दा एक्कासी उठेर उहाँले प्रतिवाद गर्नुभयो,’ उनले भने, ‘केहीबेर अलि माहोल अर्कै भयो । अनि कार्यालय समय पनि सकिन लागेकोले स्थगित गरियो ।’ गुरुङले आफू सहकारी ठग नभएको दाबी गरेका थिए । ‘म त्यस्तो होइन, बरु यहीँ मर्दिन्छु । अरूले गल्ती गरेको मलाई थाहा छैन जस्ता कुरा गर्नुभयो,’ इजलासमा उपस्थित एक सदस्यले भने, ‘त्यसपछि माहोल बिग्रियो । बहस चल्नै नसकेपछि स्थगित भएको हो ।’

## कर्मचारी आवश्यकता

तीन दशक अगाडिदेखि बीमा क्षेत्रमा अग्रणी सेवा पूर्‍याउदै आएको नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको लागि निम्न लिखित योग्यता पूगेका इच्छुक उमेदवारको आवश्यक परेकाले यो सुचना प्रकाशित भएको मितिले सात दिन भित्र आफ्नो पुर्ण व्यक्ति गत विवरण (बायोडाटा) सहितको निवेदनका लागि आहवान गरिएको छ ।

**पद** : कार्यालय सहायक
**सेवा** : करार
**कार्य क्षेत्र** : जनकपुर
**शैक्षिक योग्यता** : प्रमाणपत्र तहवा सो सरह ।
**कम्प्यूटर** : कम्प्यूटरमा दक्ष, नेपाली र अंग्रेजी टाईपिङ्ग अनिवार्य
**अनूभव** : जीवनवीमा सम्बन्धि अनूभवी एवं स्थानिय व्यक्तिलाई विशेष ग्राहयता दिइने छ ।

**तलब भत्ता तथा अन्य सूविधाहरु** : कम्पनीको नियमानूसार हुने ।
**पूनश्चः** निवेदनमा सम्पर्क फोन नम्बर र पासपोर्ट साईजको फोटो अनिवार्य राख्न अनूरोध गरिन्छ । पर्न आएका निवेदनहरु मध्ये उपयूक्त छनौट गरिएका आवेदकहरुलाई मात्र अन्तरवार्ताका लागि बोलाइनेछ ।

नेशनललाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE CO. LTD.
जनकपुरकार्यालय
फोन नं. : ०४१-५९०७११, ५९०७१२

# कुहेससँ तराई मधेशक जनजीवन प्रभावित

**महोत्तरी ।**
पछिला दिनमे कुहेस बढ़लासँ मधेशक जनजीवन प्रभावित बनल अइछ । जलेश्वर नगरपालिका–८ के ८० वर्षीय बहादुर महरा किछ दिनसँ शीतलहर शुरू कएने आ ठण्ढा बढ़ल बतौलैन ।

शीतलहर,कुहेसके कारण पशु चौपाया तथा बाइलमे असर भेल अइछ । जलेश्वर–४ के किसान अनिल साह शीतलहरसँ दैनिकीमे समस्या भेल कहलैन । ठण्ढेके कारण एखन सदरमुकाम जलेश्वरसहित जिलाक शहरी तथा ग्रामीण क्षेत्रमे लोकके दौड़धुपमे कमी आएल अइछ ।

जिलाक विभिन्न बजारमे मोटका कपड़ा बिक्री बढ़ल अइछ तँ ठण्ढेक कारण जिलाक हाटियामे लोक कम आइब रहल अइछ । ठण्ढा बेसी भेलाक बाद चायके व्यापार बढ़ल जलेश्वर–२ के चाय दोकान क रहल सुरेश साह बतौलैन ।

ठण्ढेके कारण स्वास्थ्य केन्द्रलगायत जिला अस्पतालमे विभिन्न किसिमके बेमारक सङ्ख्यामे वृद्धि भेल चिकित्सक कहलैन । लगातार बइढ़ रहल ठण्ढासँ बौआबुच्ची, वृद्धवृद्धा आ परसौती महिला बेसी प्रभावित होबाक डा रवीन्द्र साह जानकारी देलैन अइछ ।

ओ कहलैन, 'ठण्ढाक कारण बालबालिका, वृद्धवृद्धा आ परसौतीमे खोकी, बोखार, दम, हातटांग झुनझुनेनाए, दुखेनाएलगायत समस्या देखल गेल अइछ ।' दश नगरपालिका आ पाँच गाउँपालिका रहल जिलाक विभिन्न गाममे जाढ़मे ठामँठामँमे स्थानीय तह आइग तापैके व्यवस्था मिलौने अइछ ।

# दूधमती नदीक संरक्षण आ सौन्दर्यकरणक लेल सीमाङ्कन सुरू

**धनुषा ।**
धनुषा आ महोत्तरी जिलाक बीचमे रहल दूधमती नदीक संरक्षण तथा संवद्र्धन करबाक उद्देश्य सीमाङ्कनके काज सुरू कएल गेल अइछ । सोमदिनसँ विधिवत् रूपमे कार्यक्रम आयोजन क दूधमती नदीके उद्गमस्थल क्षीरेश्वरनाथ नगरपालिका–५ मे रहल अरजनवाँ गामसँ सीमाङ्कनके काज सुरू कएल गेल अइछ ।

नेपाली कांग्रेसक सहमहामन्त्री महेन्द्र यादव, मधेश प्रदेशक ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, मन्त्रालयक सचिव जक्की अहमद अन्सारी, क्षीरेश्वरनाथ नगरपालिकाक प्रमुख सुखदेव यादव, लक्ष्मिनिया गाउँपालिकाक अध्यक्ष भोगेन्द्र झालगायत जनप्रतिनिधिसभ संयुक्त रूपमे नेपालके झण्डोत्तोलन क सीमाङ्कनक शुभारम्भ केलैन ।



धनुषा महोत्तरी क्षेत्रमे कूल २९ किलोमिटरके दूरीमे दूधमती नदीके सीमाङ्कनके प्रारम्भिक चरणमे नक्साअनुसार नापजाँच क क्षेत्रफल निकाल जाएत आ पिलर गाड़ल जाएत । दूधमती नदी संरक्षण तथा संवद्र्धन उच्चस्तरीय उपसमितिद्वारा सञ्चालित दूधमती नदी उक्सा तथा विकाश परियोजनाअन्तर्गत नदीक जमीन अतिक्रमण मुक्त करब आ धोपाएल नदी क्षेत्रके उत्खनन करैत नदीक सौन्दर्यीकरण कएल जाएत । उक्त अवसरमे कांग्रेस सहमहामन्त्री यादव दूधमती नदी विकाश भेलासँ पर्यटकीय क्षेत्रमे क्षीरेश्वर नगरपालिका मात्र नै धनुषासँ महोत्तरीके जनताके सेहो आर्थिक विकाशक पैघ अवसर रहल बतौलैन । ओ दूधमती नदीक उकास आ विकाश हएत तँ धनुषा महोत्तरी मात्र नै नेपाल भारतके लेल ई एकटा पैघ पर्यटकीय गणतव्यक रूपमे स्थापित होबाक बतौलैन ।

उच्चस्तरीय समितिक अध्यक्ष मन्त्री शेषनारायण यादव प्रदेश सरकारक सबसँ नम्हर गौरव आयोजना अइछ । ई दूधमती नदीकेँ करिडोरक रूपमे स्थापना कएल जेबाक योजना भेलासँ स्थानीय जनताक बहुत आवश्यकता अइछ, तँए सहयोग लेल आग्रह केलैन । परियोजनाबारे जानकारी कराबैत मन्त्री यादवके अनुसार करिब पाँच अरबके बहुवर्षीय परियोजनाअन्तर्गत रहल एहि योजनाअन्तर्गत दूधमतीके बहाव क्षेत्रबाहेक दुनुदिस ११–११ मिटर पक्की सड़क, उद्गमस्थलमे मन्दिर तथा पार्कसहित पोखैरके सौन्दर्यीकरण, नदी बहाब क्षेत्रके गाम–गाममे दूधमती आ सीता माताक मन्दिरसहित पार्क, प्रत्येक दू–दू किलोमिटरके दूरीमे ड्यामके व्यवस्था कएल जाएत ।

कार्यक्रममे स्थानीय तहके दिससँ क्षीरेश्वरनाथ नगरपालिकाक प्रमुख सुखदेव यादव परियोजना सुरू भेलाक बाद नगरपालिकासँ रू २५ लाख आ लक्ष्मिनिया गाउँपालिकाके प्रतिनिधि रू ११ लाख सहयोग करबाक प्रतिबद्धता व्यक्त केलैन ।

प्रदेश सरकारक ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय प्रारम्भिक चरणमे चालु आर्थिक वर्ष २०८१–८२ मे रू दू करोड़ ५० लाख रूपैया बजेट विनियोजन केने अइछ । अगिला वर्षसँ डिपिआरअनुसार बेसीसँ बेसी बजेट विनियोजन करब मन्त्री यादव बतौलैन ।

# एघार लाख ४७ हजार पर्यटक आगमन

**काठमाण्डू ।**
सन् २०२४ मे ११ लाख ४० हजारसँ बेसी पर्यटक नेपाल भ्रमण केलक अइछ । आइ भोरधैर तथ्याङ्कअनुसार ११ लाख ४७ हजार २४ गोटे नेपाल आएल नेपाल पर्यटन बोर्ड जनौलक अइछ ।

बोर्डके निर्देशक मरिणराज लामिछाने दैनिक सरदर तीन हजार पर्यटक भ्रमणमे आएल कहैत सन् २०२३ के तुलनामे १४ प्रतिशत बेसी पर्यटक आगमन बढ़ल जानकारी देलैन अइछ । सन् २०१९ मे ११ लाख ९७ हजार एक सओ ९१ विदेशी पर्यटक नेपाल आएल छल । कोरोना महामारीबाद अधिक पर्यटक नेपाल भ्रमण केने ई पहिल साल छियै। सन् २०२० सँ २०२२ धैर पर्यटक आगमन प्रायः बन्द छल ।

राष्ट्रसङ्घीय विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ)के पछिला छ महिनाके तथ्याङ्कअनुसार कोभिड–१९बाद नेपालके पर्यटन ९६ प्रतिशत पुनःउत्थान भेल अइछ ।

नेपाल प्रिमियर लिग (एनपिएल), विश्व बौद्ध सम्मेलन, अन्तर्राष्ट्रिय 'बेलुन' महोत्सव, 'ड्रागन बोट' महोत्सवके सङे राष्ट्रिय आ अन्तर्राष्ट्रिय रूपमे आयोजन भेल मेला आ प्रदर्शनसँ सेहो पर्यटन आगमनमे बढोत्तरी भेल अइछ ।

# पत्रकारक सुरक्षा लेल मधेश प्रदेश सरकार प्रयासरत छैः मुख्यमन्त्री

**जनकपुर ।**
मधेश प्रदेशक मुख्यमन्त्री सतिश कुमार सिंह पत्रकारके पेसागत सुरक्षा लेल प्रदेश सरकार प्रयासरत रहल बतौलैन अइछ । पत्रकारके पेसागत सुरक्षा लेल रु सात लाखके दुर्घटना बीमा तथा रु एक लाखके स्वास्थ्य बीमाक व्यवस्था कएल गेल ओ जानकारी देलैन अइछ ।

जनकपुरधाममे सोमदिन आयोजना कएल गेल नेपाल पत्रकार महासङ्घ मधेश प्रदेश समितिक नवनिर्वाचित पदाधिकारीके पद हस्तान्तरण कार्यक्रममे मुख्यमन्त्री सिंह मधेश प्रदेश समितिके कार्यालय भवन निर्माण लेल चालु आर्थिक वर्षमे रु ८० लाख बजेट विनियोजन कएल गेल बतौलैन ।

मुख्यमन्त्री सिंह मधेश प्रदेश सरकार १० दिनभित्रमे गुठी विधेयक अनबाक उल्लेख करैत प्रदेश सरकार एक निर्वाचन क्षेत्र पाँच किलोमिटर पक्की सड़क तथा एक पक्की पुल निर्माण करबाक लेल बोलपत्र आह्वान करब बतौलैन ।

कार्यक्रममे मधेश प्रदेशक श्रम तथा यातायातमन्त्री कौशल किशोर राय मधेश प्रदेश सरकार मधेशी जनताक भावनाअनुसार काज क रहल आ प्रदेशमे एक बेर सवारीसाधन दर्ता कएलाक बाद १५ वर्षधैर कर नै लागत, उक्त विधेयक पारित कएल गेल जानकारी देलैन अइछ ।

जनकपुरधाम उपमहानगरपालिकाक नगरप्रमुख मनोजकुमार साह नेपाल पत्रकार महासङ्घ मधेश प्रदेश समितिके भवन निर्माणक लेल उपमहानगरपालिका आवश्यक सहयोग करबाक प्रतिबद्धता व्यक्त केलैन ।

उक्त अवसरमे महासङ्घक प्रदेश अध्यक्ष राजेशकुमार कर्ण नवनिर्वाचित अध्यक्ष श्याम बन्जराकेँ पद हस्तान्तरण केलैन । निर्वाचन समितिक संयोजक एवं प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार रामभरत साह सब प्रदेश समितिके नवनिर्वाचित पदाधिकारीकेँ प्रमाणपत्र वितरण केने छलाह ।

# वैदेशिक रोजगार बचतपत्र करिब ११ प्रतिशत मात्रे बिक्री

**काठमाण्डू ।**
सार्वजनिक कर्जा व्यवस्थापन कार्यालय सार्वजनिक कएल 'वैदेशिक रोजगार बचतपत्र–२०८६ (क)' के बिक्री बहुत कम देखल गेल अइछ ।

गत अगहन १२ गते सार्वजनिक भेल ५० करोड़ टका बराबरके बचतपत्र रैवदिन बिक्री बन्द भेल छल । ई बचतपत्र करिब ११ प्रतिशत मात्रे बिक्री भेल कार्यालय जनौलक अइछ । कार्यालयक सूचना अधिकारी मुकुन्द पोखरेलके अनुसार वैदेशिक रोजगार बचतपत्र पाँच करोड़ ४२ लाख टका बराबरके बिक्री भेल अइछ ।

कार्यालय सार्वजनिक केने दू अरब टका बराबरके 'नागरिक बचतपत्र–२०८६ (क) शतप्रतिशत बिक्री भेल अइछ । नागरिक बचतपत्रमे साँढे सात आ वैदेशिक रोजगार बचतपत्रमे साँढे आठ प्रतिशत ब्याज निर्धारित छै । बचतपत्रके ब्याज प्रत्येक छ महिनामे सम्बन्धित खरिदकर्ताके बैंक खातामे सीधे भुक्तानी हएत । बचतपत्रके ब्याजदर बैंकके मुद्दती निक्षेपसँ बेसी आकर्षक भेलोपर एकर महत्व आ फाइदाबारे बहुत नागरिककेँ जानकारी नै छै । लगानीक लेल बहुते घरजमीन, सोनाचाँनी, पुँजीबजार, आ मुद्दती निक्षेपजकाँ क्षेत्रकेँ प्राथमिकता द रहल अइछ । जखन की लगानी करबाक ई विकल्पसँ नीक, सुरक्षित आ आकर्षक प्रतिफल सरकारी उपकरण 'बचतपत्र' छै, जकर चर्चा न्यून भ रहल अइछ ।

बचतपत्र लगानीक लेल उत्कृष्ट विकल्प छियै । मुदा, एकर प्रचार–प्रसारक अभाव, प्रक्रियागत जटिलता आ दोसर बजारके सीमित जानकारीके कारण ई उपकरणप्रति लगानीकर्ता आकर्षित नै भ सकल अइछ ।

# टमाटर बेच क वार्षिक सात लाख नाफा



**दाङ ।**
अइ ठाँमक घोराही उपमहानगरपालिका–१२ हापुरके जयबहादुर रोकाके बारीमे टमाटरके झब्बा लटकल छै । बारीयेसँ टमाटर बिक्री करएमे ओ अपसियात छैथ । विगत तीन वर्षसँ व्यावसायिक टमाटरखेती करैत आएल रोका व्यवसायप्रति सन्तुष्ट छैथ ।

दाम भेटल समयमे उत्पादन कएलापर टमाटरसँ बढ़िया आम्दानी भ रहल कहै छथिन । 'अइ साल समयमे बजारके समस्या नै छै,' ओ कहलैन, 'इएह खेतीकेँ निरन्तरता देबाक सोचमे छी ।' रोल्पा रुन्टिगढी गाउँपालिका–७ सँ एत बसोबास करैत आएल रोका रोल्पाके एक सामुदायिक विद्यालयमे सात सालसँ कर्मचारीक रुपमे काज केलैन । ओ १० वर्ष वैदेशिक रोजगारीमे मलेसियामे काम केलैथ । हाल ओ टमाटर बेचैत सब खर्च घटा क वार्षिक सात लाख टका बचत करएमे सफल भेल छैथ ।

वार्षिक रु १८ लाखके टमाटर बिक्री केलैथ। जाहिमे मल, बीज, कामदार, जमीन भाडालगायत सब खर्च घटाए क बचत भेल हुनकर कहब छैन । '१० गोटेकेँ रोजगारी सेहो देने छी,' रोका कहलैन, 'पहिने रोल्पामे सेहो कृषि व्यवसाय केने छलौँ मुदा सड़कके अवस्थाक कारण बजारीकरणमे समस्या भेल ।' अगहनधैर हालसेलमे प्रतिकिलो ५० टकाके दरसँ बिक्री केने आ हाल दाम घटैत गेल ओ बतौलैन । ओ तीन बिघा जमीन भाडामे ल टमाटरखेती केलैन अइछ । अपन १२ कट्ठा मात्रे जमीन छै बाकी सब जमिन भाडामे लेने ओ बतौलैन । जमीनके वार्षिक भाडा ९८ हजार टका अइछ । परिवारमे आठ सदस्य छैथ । टमाटरखेतीके कमायसँ बेटाबेटीकेँ शिक्षादीक्षा कराए रहल छैथ । वितल साल रोग, किरासँ टमाटर उत्पादनमे किछ देरी भेल छल, तँए घाटा सेहो भेल मुदा अइ साल आम्दानी सन्तोषजनक रहल ओ बतौलैन ।

# बरहथवामे ट्र्याक्टरसँ मोटरसाइकल ठोकरमे दू व्यक्तिके मृत्यु

**सर्लाही ।**
नयाँरोड सड़कखण्डमे उइख लाधल ट्र्याक्टर आ मोटरसाइकल राइतमे आपसमे ठोकर देलासँ दू व्यक्तिके मृत्यु भेल अइछ । बरहथवा नगरपालिका–९ शान्ति चौकमे उइख लाइध क हरिवन आइब रहल ज १ त ९८७६ नम्बरके ट्र्याक्टर आ नयाँरोडसँ बरहथवा जाए रहल ज ४ प ३७७ नम्बरके मोटरसाइकल आपसमे ठोकर देलासँ मोटरसाइकल सवार दूनु युवाके मृत्यु भेल अइछ ।

मृत्यु भेनिहार मोटरसाइकल चालक बरहथवा–५, राजुचौकके हरिन्द्र महतो आ सएह ठाँमक पुरुषोत्तम दास रहल जिला प्रहरीक प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठ जानकारी देलैन अइछ ।

महतोके बरहथवास्थित एडभान्स सञ्जीवनी अस्पतालमे आ दासके बयोधा अस्पताल वीरगञ्जमे इलाजक क्रममे मृत्यु भेल अइछ । घटनामे संलग्न ट्र्याक्टर, चालक आ मोटरसाइकल प्रहरी नियन्त्रण रहल प्रहरी नायब उपरीक्षक श्रेष्ठ जानकारी देलैन अइछ ।

# मासुदारू बेचनिहारकेँ कारबाही करबाक मुख्यमन्त्रीक चेतावनी



**जनकपुर ।**
मधेश प्रदेशक मुख्यमन्त्री सतिश कुमार सिंह जनकपुरधामक परिक्रमा सड़कभित्र मासुदारूके उत्पादन, बिक्री आ उपभोग निषेधसम्बन्धी प्रावधान पालन नै करएबलाकेँ कारबाही करबाक चेतावनी देलैन अइछ ।

मुख्यमन्त्री सिंह आइ जनकपुरधाममे सञ्चारकर्मीसभहक भेटमे जनकपुरधामक धार्मिक,सांस्कृतिक परम्परा आ गौरवकेँ कायम राखै लेल मासुदारूक उत्पादन, बिक्री आ उपभोग नै करबाक लेल जनकपुरवासीकेँ आह्वान केलैन ।

जनकपुरधामवासीकेँ परिक्रमा सड़कभित्र निषेधित व्यवहार नै कएल जाओ आग्रह करैत मुख्यमन्त्री मासुदारू निषेधसम्बन्धी व्यवस्था कठोरतापूर्वक कार्यान्वयन करैलेल सम्बद्ध निकायकेँ आग्रह केलैन । नियम पालन नै कएलापर कारबाही करबाक लेल ओ जोड़ देलैन ।


दुबई को प्रसिद्ध कम्पनिमा रोजगारी को सुवर्ण अवसार

AL HAMAD

Al Hamad Bldg. Cont. Co L.L.C, DUBAI

LT No: 315500

| क्रस | काम | संख्या | तलब | तलब |
|---|---|---|---|---|
| 1 | Helper | 50 | 1100+Food | 9Hr/26Days |
| 2 | Mason | 50 | 1200+Food | 9Hr/26Days |
| 3 | Steel Fixer | 50 | 1300+Food | 9Hr/26Days |
| 4 | f. carpenter | 50 | 1200+Food | 9Hr/26Days |
| 5 | S. Carpenter | 50 | 1200+Food | 9Hr/26Days |



Party Interview on 4th Jan (२० गते शनिवार), १० बजेदेखी

- GCC साथै नेपाल मा काम गरेको लाइ पनि मान्यता दिने
- उमेर - 19 देखि 45 सम्म
- Passport copy, Photo, exp. Certificate

Interview हुने स्थान :
**Future Care Training Center**
Pidari chowk, Janakpur
9801674655,9801674656, 9818588935, 9844523760

# वीरगंज नाका भएर एकबर्षमा दुई हजार बढी पर्यटक नेपाल भित्रिए



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालको प्रवेशद्वार भनेर चिनिने पर्साको वीरगंज नाका भएर एकबर्षमा दुई हजार ८६ जना पर्यटक नेपाल भित्रिएका छन् । वीरगंजस्थित अध्यागमन कार्यालयका अनुसार २०२४ को जनवरी महिनादेखि डिसेम्बर ३० तारिखसम्म वीरगंज नाकाबाट एकहजार दुईसय २१ जना पुरुष र ८ सय ८५ जना महिला गरी दुईहजार ८६ जना पर्यटक नेपाल भित्रिएका हुन् । त्यस्तै ८ सय ३५ पुरुष र ७ सय ३९ जना महिला गरी एक हजार पाँचसय ७४ जना पर्यटक वीरगंज नाका भएर भारततर्फ गएको अध्यागमन कार्यालय वीरगंजले जनाएको छ । अध्यागमनका अनुसार वीरगंज नाका भएर ८४ देशका पर्यटकहरु नेपाल भित्रिएका छन् । त्यस मध्य सबैभन्दा बढी थाईल्याण्डका पर्यटकहरु रहेका छन् । थाईल्याण्डबाट दुईसय १२ जना पर्यटक वीरगंज नाकाबाट नेपाल आएका छन् । त्यस्तै सबैभन्दा बढी ७१४ जना पर्यटक भारत गएका छन् । वीरगंज नाका भएर आउने पर्यटकहरुबाट अध्यागमन कार्यालयले ७० हजार १२३.३९ डलर अर्थात ९३ लाख ४९ हजार ३९४ रुपैंया ३९ पैसा राजस्व पनि संकलन गरेको छ । अघिल्लो बर्ष २०२३ को जनवरीदेखि डिसेम्बर ३१ सम्म अध्यागमन कार्यालयमा दुई हजार ४१ जना पर्यटक भित्रिएको र एकहजार ४६ जना वीरगंज नाकाबाट बाहिरिएका थिए ।

**अंग्रेजी नयाँ वर्ष मनाउन ठोरी पहिलो रोजाई**

अंग्रेजी नयाँ वर्ष २०२५ लाई स्वागत गर्ने क्रममा पर्सा जिल्लाको ठोरी गाउँपालिकामा सबैभन्दा बढी भारतीय तथा आन्तरिक पर्यटकहरूको चाप बढ्ने गरेको छ । ठोरी गाँउपालिकामा भारतका विभिन्न स्थानबाट नयाँ वर्ष मनाउन भारतीयहरू आउने गर्छन् । अंग्रेजी नयाँ वर्षका साथै ठोरीमा छठ, होलीलगायत पर्वका सार्वजनिक बिदाका दिनमा भारतीय पर्यटक तथा आन्तरिक पर्यटकहरूको अत्यधिक भीड हुने गर्छ । यसो त अहिले ठोरीमा आन्तरिक पर्यटकहरूको आवागमन बा¥है महिना बढेको छ । पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन, सर्लाही, जनकपुर, काठमाडौं लगायतका जिल्लाबाट आन्त्रिक पर्यटकहरु ठोरीमा रमाउन आउने गरेका छन् । ठोरीका विशेष गरी पाँच स्थानमा पर्यटकहरूको भीड हुन्छ । राईधारा, सीतागुफा, बागमोचामाई, शिवमन्दिर, घ्याङडाँडा, बुद्ध मन्दिरका साथै महादेव मन्दिर, कृष्ण मन्दिर लगायतका पर्यटकीय स्थानमा पर्यटकहरूको आवागमन बढेको छ । यसैक्रममा बुधबार परेको अंग्रेजी नयाँ वर्षमा यो ठाउँमा आन्तरिक तथा बाह्य पर्यटकहरूको संख्या बढ्ने अनुमान गरिएको छ । ठोरी गाँउपालिकाको सुवर्णपुरमा मधेश प्रदेशकै पहिलो होमस्टे छ ।

यसले पनि ठोरीमा पर्यटकहरूको आवागमन बढेको हो । ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले ठोरीका पाँचै स्थानमा पर्यटक भित्र्याउने गरी अंग्रेजी नयाँ वर्षमा पनि गाँउपालिकाले तयारी गरेको बताइन् । उनले धार्मिक पर्यटकसमेतलाई लक्षित गरेर धर्मशाला, खानेपानी, बिजुलीबत्ती, पिकनिक स्पटबारे पालिकाले विशेष ध्यान दिंदै आएको बताए । उनले राईधारामा सबैभन्दा बढी पर्यटकहरूको आगमन हुने हुँदा त्यहाँ दैनिक दुईजना हेरालुलाई राखेर सफाइ गर्दै आएको बताइन् । पर्सा जिल्लाको ठोरीबाहेक जीराभवानी, पर्सागढी, पटेर्वासुगौलीका धार्मिक स्थल तथा पिकनिक स्पटमापनि मानिसहरूको आवागमन हुने गरेको छ । पर्सा राष्ट्रिय निकुञ्जमा पर्ने पटेर्वासुगौलीको दुग्धेश्वर महादेव मन्दिर रामभौरी भाठामा पनि वर्षेनी मेला लाग्छ । त्यहाँ मेला भर्नको लागि भारतीय पर्यटकका साथै आन्तरिक पर्यटकहरू ठूलो संख्यामा आउने गर्छन् । मेलाको बेलामा मात्र निकुञ्जले आवागमन खुला गर्ने गरेको छ । पटेर्वासुगौलीकै गादीमाई मन्दिरमा पनि पिकनिक गर्न मानिसहरू आउँछन् । पर्सागढी नगरपालिकाको कोइलाभारमाई मन्दिर र आमोदेवीमाईमापनि मानिसहरू पिकनिक र घुम्नको लागि आउने गर्छन् । जंगल क्षेत्रसँग जोडिएको हुँदा यी ठाउँमा आन्तरिक पर्यटकहरूको आवागमन बढी हुने गरेको छ । सार्वजनिक बिदाका र पर्वमा यो ठाउँमा भारतबाट पनि मानिसहरू पिकनिक गर्न आउँछन् । स्थानीय पालिकाले पिकनिक, वनभोज गर्नेहरूको लागि उचित व्यवस्थापन गर्न नसक्दा पर्यटकहरूको संख्या बढ्न नसकेको स्थानीय बताउँछन् । विशेषतः सरसफाइको मामिलामा जंगल क्षेत्रसँग जोडिएका यी स्थान कमजोर देखिएका छन् । पिकनिक स्पट देखि निकै टाढा बजार भएका कारण यहाँ आउने पर्यटकहरूलाई समस्या हुने गरेको छ । पर्सागढी नगरपालिकाका मेयर गोकर्ण पाठकले कोइलाभारमाई र आमोदेवीमाईमा सरसफाइ, बिजुलीबत्ती, डस्टबिन, शौचालयको व्यवस्थापन भएको बताए । उनले केही व्यवस्थापकीय कमजोरीलाई समिति बनाएर सुधार गर्दै गएको बताए । उनले धार्मिक, ऐतिहासिक पर्यटकीय क्षेत्रलाई नगरपालिकाले स्थानीयको सहयोगमा व्यवस्थित गर्दै जाने बताए । पटेर्वासुगौली गाँउपालिका अन्तर्गत पर्ने भुमरीमाई (बुलबुले ताल), शिव मन्दिर, काली मन्दिरलगायतका स्थानमापनि पिकनिक र वैवाहिक कार्यक्रम गर्नेगरी धर्मशाला, विवाहमण्डप बनाइएका छन् ।

तर त्यहाँ शौचालय र सफाइको उचित व्यवस्थापन नहुँदा ती क्षेत्र आन्तरिक पर्यटकको रोजाइमा पनि खासै पर्न सकेका छैनन् । भुमरीमाई पर्यटकीय विकास समितिका अध्यक्षक कुमार बस्नेतले सफाइ, शौचालयलगायतको व्यवस्थापकीय काम आर्थिक समस्याका कारण कमजोर भएको र यो काममा पालिकाको ध्यानाकर्षण गराइएको बताए ।

# मालवाहक ट्रक नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट धनुषातर्फ जाँदै गरेको मालवाहक ट्रकलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर २१ हनुमान चौकमा चेकजाँच गर्ने क्रममा ना.८ ख ४१२४ नम्बरको मालबाहक ट्रक प्रहरीले नियन्त्रणमा लिएको हो । खुद्रा तथा औषधीहरु लोड गरी धनुषाको जनकपुरतर्फ जाँदै गरेको अवस्थामा ट्रक नियन्त्रणमा लिइएको पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । उनकाअनुसार ट्रकबाट विलविजक भन्दा बढीका सामान बरामद गरिएको छ । बरामद गरिएको ७६ लाख ७५ हजार ४५१ रुपैयाँ बराबरको सामग्रीसहित ट्रकलाई आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको प्रहरी नायब उपरीक्षक लम्सालले बताए ।

# दलित बालबालिकालाई ज्याकेट वितरण




**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दू जागरण नेपालको प्रमुख आयोजना र नेपाल विश्व हिन्दू महासंघको सहयोगमा पर्सा जिल्लाको पकहामैनपुर गाउँपालिका वडा नं. १, २ र ३ का करिब १५० दलित बालबालिकाहरूलाई ज्याकेट वितरण गरिएको छ । दुई वर्षदेखि १४ वर्षसम्मका बालबालिकालाई लक्षित गर्दै यो कार्यक्रम सम्पन्न गरिएको हो ।

पौष महिनाको चिसो मौसमलाई मध्यनजर गर्दै हिन्दू जागरण नेपालका ध्रुव प्रसाद लुइँटेल र पं. रामकृष्ण उपाध्यायको विशेष समन्वयमा सहयोग वितरण कार्यक्रम आयोजित गरिएको थियो । नेपाल विश्व हिन्दू महासंघका विजय प्रकाश निषाद, अभिषेक तिवारी र विशाल झाको उपस्थितिमा यो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । चिसोको समयमा आवश्यक सहयोग पु¥याउने उद्देश्यले बालबालिकालाई ज्याकेट वितरण गरिएको यस कार्यक्रमले स्थानीय समुदायमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । हिन्दू जागरण नेपाल र नेपाल विश्व हिन्दू महासंघले भविष्यमा पनि यस्ता सामाजिक सेवाका गतिविधिहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# सवारी दुर्घटनामा एक जनाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रौतहटको कटहरिया नगरपालिका वडा नम्बर २ का २५ वर्षीय सुरेश यादव रहेका छन् ।

प्रहरीका अनुसार, बाराको सिम्रौनगढ नगरपालिका वडा नम्बर ११ लक्ष्मीनिया चोकमा सोमबार दिउँसो मधेश प्रदेश २–०३–००७ प २०६० नम्बरको मोटरसाइकल र बागमती प्रदेश ०१–०३ च ४०७८ नम्बरको पिकअप एकआपसमा ठक्कर खादाँ मोटरसाइकल चालक यादव गम्भीर घाइते भएका थिए ।

घाइते यादवको सुरुमा कलैयास्थित प्रादेशिक अस्पतालमा उपचार पश्चात वीरगंजको नेशनल मेडिकल कलेजमा ल्याइएको र त्यहीँ उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# परीक्षा केन्द्र हटाएको विरोधमा विद्यार्थी आन्दोलित



**मधेशदृष्टि**
**वीरगंज ।**
मलंगवामा रहेको सर्लाही क्याम्पसबाट परीक्षा केन्द्र हटाएको विरोधमा विद्यार्थी आन्दोलित बनेका छन् । स्नातक तह पहिलो वर्षको परीक्षा केन्द्र सर्लाही क्याम्पसबाट हटाएको भन्दै आन्दोलित बनेका विद्यार्थीले क्याम्पस अगाडि मलंगवा नवलपुर सडकखण्ड अवरुद्ध पारेका छन् । परीक्षाको मुखमा आएर परीक्षा नियन्त्रण कार्यालयले केन्द्र हटाएको भन्दै विरोध गरेको उनीहरुले जनाएका छन् । विद्यार्थीले सडकमा टायर बालेर प्रदर्शन गर्दा यातायातका साधन चल्न सकेको छैन । यसअघि बरहथवा, सुकेपोखरी र लालबन्दीको परीक्षा केन्द्र सर्लाही क्याम्पसमा तोकिएको थियो ।

परीक्षा नियन्त्रण कार्यालयले विद्यार्थीलाई दुःख दिने मनसायका साथ परीक्षा केन्द्र अन्य जिल्लामा सारेको स्वतन्त्र विद्यार्थी युनियनका सभापति धमेन्द्र यादवले आरोप लगाएका छन् । आन्दोलनमा उत्रेका विद्यार्थीहरूले मंगलबार बिहान नियन्त्रण कार्यालयको विरोधमा नाराबाजी गरेका थिए ।

अहिले उनीहरू सडकमा काठको मुढा राखेर टायर बालेर आन्दोलनमा उत्रेका छन् ।

# वीरगंज–१० मा वडा स्तरीय क्रिकेट हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० मा यसपालिपनि वडा स्तरीय क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ । वडा नम्बर १० को वडा कार्यसमितिले हरेकवर्ष झैं यसवर्षपनि वडा स्तरीय क्रिकेट प्रतियोगिता आयोजना गर्न लागेको वडाध्यक्ष सुशील साह कानुले बताए ।

उनले विगत दुई वर्ष यता निरन्तर वडास्तरीय क्रिकेट प्रतियोगिता आयोजना गर्दै आएको बताए । गतवर्ष चैतमा वडास्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरिएकोमा फाइनलमा बागमती टिमलाई हराउँदै कोशी टिमले उपाधि जितेको थियो ।

वडाध्यक्ष कानुले मंगलबार जारी गरेको सूचनामा वडाको खेल प्रबर्धन र खेलाडीहरुको प्रोत्साहनका लागि यसपालिपनि वडा स्तरीय क्रिकेट प्रतियोगिता आयोजना गर्न लागिएको जनाइएको छ । प्रतियोगितामा सहभागीताका लागि वडा नम्बर १० का इच्छुक क्रिकेट खेलाडीले पुस १६ देखि पुस २५ गतेभित्र वडा समितिको कार्यालयमा सम्पर्क गरेर नागरिकताको फोटोकपी र १ रुपैयाँ बुझाएर आफनो नाम दर्ता गर्नुपर्ने उक्त सूचनामा उल्लेख छ ।

# पत्रकार महासंघ मधेश प्रदेशको बैठक सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल पत्रकार महासंघको २७ औं महाधिवेशन निर्वाचित मधेश प्रदेश कार्य समितिको पहिलो बैठक सम्पन्न भएको छ । बैठकमा तीनै तहको निवार्चन सफलतापुर्वक सम्पन्न गर्न योगदान पु¥याउने निर्वतमान कार्यसमिति, निर्वाचन समितिहरु, महासंघका सदस्यहरु धन्यबाद ज्ञापन गर्ने निर्णय गरेको छ । बैंक खाता संचालन गर्दा कोषाध्यक्ष सहित अध्यक्ष वा महासंघका महासचिव एकजनाको अनिवार्य हस्ताक्षर रहने, तीन महिनाभित्र जनकपुरमा मधेश प्रदेश कार्यसमितिको कार्यलय स्थापना र व्यवस्थापन गर्ने निर्णय गरेको छ ।

यस्तै अहिले निर्वाचिन कार्यसमितिकै कार्यकालभित्र महासंघको स्थायी भवन निमार्णका लागि जनकपुरधामभित्र जग्गा प्राप्तिका लागि समबन्धित निकायहरुसंग समन्वय र सहकार्य गर्दै प्रक्रिया अघि बढाउने, पत्रकारहरुको स्वास्थ्य, दुर्घटना तथा आर्थिक समस्यालाई सम्बोधन गर्न कल्याणकारी कोषलाई सृदृढ बनाउने, निशुल्क दुर्घटना तथा स्वास्थ्य बिमा प्रभावकारी बनाउन मधेश सरकारसंग सहकार्य गर्ने निर्णय गरेको छ । सरकारी अस्पतालहरुमा पत्रकारको निशुल्क तथा परिवारका सदस्यको उपचारमा ५० प्रतिशत छुटको ब्यवस्था गर्न पहल गर्ने, निजी तथा सरकारी बिधालयमा पत्रकारका छोराछोरीलाई ५० प्रतिशत सम्मको छुटमा अध्ययनको व्यवस्था मिलाउन सम्बन्धित पक्षसँग समन्वय गर्ने निर्णय गरेको महासचिव शैलेन्द्र महतो क्रान्तिले बताए । त्यसैगरी मधेश प्रदेश सरकारले उपलब्ध गराउने लोककल्याणकारी बिज्ञापन रकम शतप्रतिशत बढाउन पहल गर्ने र मिडिया काउन्सिल मधेश प्रदेशमा श्याम बन्जारालाई पदेन सदस्यका रुपमा नियुतिका लागि पत्र पठाउने लगायतका निर्णय गरिएको छ ।

# द्रुतमार्गलाई १२ मेगावाट विद्युत्

**मधेशदृष्टि**
**बारा ।**
नेपाल विद्युत प्राधिकरणले काठमाडौँ–तराई–मधेश द्रुतमार्ग (फास्टट्र्याक) अन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका–८ माण्डु माल्टाबेंसी र इन्द्रसरोबर गाउँपालिका–३ सिस्नेरी कोगटे क्षेत्रमा पर्ने सडक निर्माणका लागि आवश्यक विद्युत् वैकल्पिक व्यवस्थामार्फत आपूर्ति दिने भएको छ ।

विद्युत् अभावमा फास्टट्र्याक निर्माण प्रभावित हुन नदिन वैकल्पिक व्यवस्था गरी जतिसक्दो छिटो विद्युत् आपूर्तिका लागि काम अगाडि बढाइसकेको प्राधिकरणले जानकारी दिएको हो । यस क्षेत्रका आम नागरिकले भने निर्बाध विद्युत पाइरहेका छन् ।

फास्टट्र्याकको माण्डु माल्टाबेंसी र सिस्नेरी कोगटे क्षेत्रमा पुल, ग्यालरी सुरुङ, सुरुङलगायतका संरचना निर्माणका लागि आवश्यक विद्युत् अभावमा निर्माण प्रभावित हुन नदिन प्राधिकरणले वैकल्पिक व्यवस्था गरी आपूर्ति दिन लागेको हो । फास्टट्र्याकलाई त्यस क्षेत्रमा करिब १२ मेगावाट विद्युत् आवश्यक पर्नेछ । त्यस क्षेत्रमा चार प्याकेजमा निर्माण भइरहेको छ ।

विद्युत् आपूर्तिको वैकल्पिक व्यवस्थाअन्तर्गत कुलेखानी पहिलो जलविद्युत केन्द्र धोर्सिङबाट माण्डुसम्मको पहिले चालू रहेको ६६ केभी लाइनलाई ११ केभीमा सञ्चालनमा ल्याइने छ । काठमाडौँमा जगेडामा रहेको २२.५ एमभिएको पावर ट्रान्सफर्मरलाई धोर्सिङ सबस्टेसनमा लगेर त्यहाँ जडान गरी सोहीमार्फत फास्ट ट्र्याकका लागि आवश्यक विद्युत् आपूर्ति दिइनेछ । धोर्सिङ सबस्टेसनमा स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि हाल ५ एमभिए क्षमताको पावर ट्रान्सफर्मर पूर्ण भारमा चालू रहेकाले थप विद्युत् प्रवाह गर्न नसकिने हुँदा अर्को ठूलो क्षमताको ट्रान्सपर्मर थप्न लागिएको हो ।

असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले माण्डु हाइड्रोपावर लिमिटेडले सञ्चालन गरेको २२ मेगावाटको बागमतीखोला साना जलविद्युतको विद्युतगृहलगायतका संरचनामा ठूलो क्षति पु¥याइ विद्युत् उत्पादन बन्द हुँदा त्यसपछि फास्टट्र्याकअन्तर्गत त्यस खण्डमा विद्युत आपूर्ति हुन सकिरहेको छैन । लाइन पुनःस्थापनाका लागि स्थानीय रूपमा गर्नुपर्ने आवश्यक काम तत्काल अगाडि बढाउन पालुङ र हेटौडा वितरण केन्द्रलाई निर्देशन दिइएको छ ।


# बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशद्दष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशद्दष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशद्दष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

## सम्पादकीय

# एमालेमा विद्या भण्डारी तरंग

नेकपा एमालेले पुसको तेस्रो साता केन्द्रीय समिति बैठक बोलाएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले सचिवालय बैठक बोलाएर नेता भीम रावललाई साधारण सदस्यतासमेत खारेज गरेपछि यसको पक्ष र विपक्षमा एमालेजन नै देखिएका छन् । भीम रावललाई कारबाही गरिएको विषय केन्द्रीय समितिले पनि अनुमोदन गर्ला कि नगर्ला भन्ने धेरैलाई परेको छ।

अर्कातिर प्रधानमन्त्रीले कसैलाई बोल्न दिँदैनन्, कारबाही अनुमोदनको निर्णय सुनाउँछन् भन्ने पनि अर्काथरिहरु सुनाउँछन्। यसरी एमालेको राजनीतिले देशको राजनीतिक तरंगलाई ओझेल पारेको छ । रवि लामिछानेको बयान ओझेलमा परेको छ। कांग्रेस गृहमन्त्री रमेश लेखक सहकारी ठगहरु धेरैजसो कांग्रेसकै परेपछि खोज्न पनि चासो दिन छाडेका छन्। एमालेको आन्तरिक राजनीतिमा भीम रावल आउट भइरहँदा रावलले नयाँ पार्टी खोल्ने र पार्टीमा चैँ विद्या भण्डारीको सक्रिय राजनीतिक अभ्याससहितको उपस्थितिको अर्को तरंगले सबैलाई ओझेल पारिरहेको छ। एमालेका नेताहरु विद्या भण्डारी आउनुहुन्छ र आउनुहुन्न भन्ने बहसमा अब सतहमा उर्लिएका छन्। रोकौँ भन्नेहरु पनि आएका छन्, बोकौँ भन्नेहरु पनि देखिएका छन्। सिंगो देश एमालेको राजनीतिमा रुमल्लिइरहेको छ।

फेरि वाम एकताको कुरा उठेको छ। देशभरका कम्युनिष्टका पसलहरु एकाकार बनाउन जरुरी छ। यसो भन्नेहरु सबैतिर छन् । एमालेमा पनि छन्, समाजवादीमा पनि छन् । माओवादीमा पनि छन्। माओवादीले त पहिला टुटफुटका माओवादी एकाकार हुने कुरा उठाइरहेको छ । यसमा नेत्रविक्रम चन्द विप्लव पनि लगभग सकारात्मक देखिएका छन् । तर एमालेमा भने विद्या भण्डारीलाई रोक्न माधव नेपाललाई भित्र्याउने विकल्प पनि ल्याइएको छ । यो राजनीति हो कि विद्या भण्डारी रोक्ने कुटनीति ? प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच कुनै राजनीतिक खिचातानी छैन। दूरी छैन। एकले अर्कालाई सिध्याउने गरी प्रतिशोधको राजनीति पनि छैन । तर उमेरका हिसाबले, आवश्यकताका हिसाबले, समयको मागले विद्या भण्डारी एकपटक एमालेको अध्यक्ष पो हुने हो कि ? एमाले नेता कर्ण थापाले गरेको तर्कमा कार्यकर्ता र समयको माग भनिएको छ।

अर्कातिर राष्ट्रपति भइसकेको मान्छेले एमालेमा अध्यक्ष हुने अनुहार टन्नै उत्पादन भइरहेको एउटा जिउँदो पार्टीमा किन फेरि विद्या भण्डारीले अध्यक्ष हुने रहर गर्ने भन्ने प्रश्न गर्नेहरु पनि एमालेमै छन्। उनीहरु केपी शर्मा ओली, नेकपा एमाले र सरकारको विरोध गर्नेहरु अन्ततः राष्ट्रलाई नै कमजोर बनाउनु पर्छ भन्ने मान्यताले ग्रसित हुन् भन्ने तर्क पनि गर्छन्।

यस्तो अवस्थामा अब एमालेभित्र विद्या भण्डारीको आगमनको विषय सहजै रोकिने वाला छैन । एउटा निष्कर्षमा एमालेजन पुग्नै पर्ने भएको छ कि, के गर्ने, कसो गर्ने ? विनाकाममा विद्या भण्डारीलाई गिजोलेर छाड्न पनि भएन। राजनीतिमा ल्याउने नै भए के गर्ने ? एमालेमा अर्लि महाधिवेशन गर्ने कि अरु साढे दुई वर्ष कुर्ने ? एमालेजनको छलफल र बहस जारी छ।

जे होस्, कार्यकर्ताको माग सुन्दिनँ, मान्दिनँ भन्ने अवस्थामा चैँ विद्या भण्डारी नपुग्नु भएको करिब करिब पक्का हो । यसैले त प्रधानमन्त्री पक्षधरहरुको अब धमाधम प्रतिक्रिया आउनेमा शंका छैन।

# च्यास्मिटारको तासको खाल, एक हजार युवाको भविष्यको सवाल

बिहानको घाम कलिलै थियो। खुल्ला आँखाले सीधा हेर्न सकिन्थ्यो। पटुकीमा पोकापाकी पारिएको एक टुक्रा रोटी खुवाएर सन्तान हुर्काएकी मेरी आमाले निधारको बीच्चमा लगाएको रातो टीका जत्रो मात्रै देखिएको थियो घाम । अनिकालले बटारेको आन्द्रालाई साक्षी राखेर स्तनपान गराएकी मेरी आमाको फुटेको कुर्कुच्चाले बनाएको गोलो–गोलो डोब जत्रो मात्रै देखिएको थियो घाम।

म उभिएको पृथ्वीलाई आफू वरिपरि अरबौं वर्षदेखि फनफनी घुमाइरहेको घाम आगोको रातो डल्लाजत्रो मात्रै देखिएको थियो । मेरो ८१ वर्षीय उपो (बाजे) ले ङासी (जाँड) पिउने डबकाभन्दा ठूलो देखिएको थिएन घाम । केही वर्षअघि गाउँमा आइपुगेको बिजुलीको रातो बल्ब जस्तो मात्रै देखिएको थियो।

घडीको सुईले बिहानको सवा छ बजाएको थियो।

म काठमाडौं जाने तरखर गर्दै थिएँ। काठमाडौंका लागि कान्छी आमाले भुटेको मकै भटमास, फर्सीको बियाँ, बिमिरा, सुठनी लगायत खानेकुरा बोरामा पोको पारिदिएकी थिइन्, बोरालाई बोकेर हिँड्न मात्रै बाँकी थियो । अलि अगाडि आहालमा काठमाडौं ल्याइपुर्याउन विद्युतीय गाडी तयारी अवस्थामा थियो, गाडीको ढोका खोलेर कुर्सीमा बस्न मात्रै बाँकी थियो।

अलि तल जल्केनीबाट खानेपानी लिएर आएकी कान्छी आमाले गाउँको ब्रेकिङ समाचार सुनाइन्, 'अलि परको गाउँ छोर्दिपामा फलानोले एक रातमा ३५ हजार तासमा हाऱ्यो अरे !'

जब कि नेपालीहरूको वार्षिक प्रतिव्यक्ति आम्दानी चानचुन एक लाख ९० हजार हो। अर्थात् नेपालको कूल राष्ट्रिय आयलाई नेपालको जनसंख्याले भाग लगाउँदा प्रतिव्यक्ति आम्दानी निस्कन्छ। यसको मतलव हो राष्ट्रिय आय अनुसार मासिक १५ हजार ८०० रूपैयाँले एक नेपाली बाँच्नुपर्छ। तर, एक रातमै ३५ हजार रूपैयाँ हान्नु भनेको पैसा धेरै भएर होइन, आर्थिक ज्ञान नभएर हो।

एउटा गाउँमा दुई–चार जनाबीच जुवातासमा भएको हारजीतको खबर कसरी अक्षर नछिचोलेकी एक महिलाले थाहा पाइन् ? पान र सुरत भनेको के हो भनेर थाहा नपाउने महिलाले कसरी यस्तो खबर थाहा पाइन् ? अचम्म लाग्यो।

रातै कटाएर जुवाडेहरूले खेलेको तास खेलको खबर घाम उदाउनुअघि नै पँधेरो हुँदै गाउँभरमा फैलिएको थियो।

यो घटनाको घटनास्थल हो,– हलेसी तुवाचुङ नगरपालिका–३ च्यास्मिटार । पूर्वमा हलेसी महादेव, उत्तरमा दूधकोशी, पश्चिममा भुम्जु डाँडा र दक्षिणमा सुनकोसीले घेरिएको च्यास्मिटारमा हरेक दिन घट्ने घटनामध्ये एक प्रतिनिधि घटना रहेछ यो । घटनाबारे सुन्दाखेरि नै अचम्म लाग्यो।

सुरुवातमा त यो घटनालाई मैले सामान्य रूपमा लिएँ।

तर, जति जति यो घटना दिमागमा खेल्दै गयो, उतिउति म घटनाबारे सोचमग्न हुँदै गएँ। यो घटनाले मेरो अवचेतनमा भने नराम्रोसँग हिर्काएछ। अहिलेसम्म पनि म यही घटनाको वरिपरि रुमल्लिएको छु।

अहो ! जुन गाउँमा जुवाडेहरूको हारजीतको खबर कलिलो घामलाई साक्षी राखेर 'हटकेक' बन्छ। खबरसँगै दिनको सुरुवात हुन्छ । अनि खबरसँगै फैलन्छ, 'फलानोले यति हान्यो रे !' 'फलानोले ३ वर्षमा यति जित्यो रे !' यस्तो खबर फैलने गाउँ शैक्षिक, आर्थिक, सामाजिक र राजनीतिक रुपमा पछाडि नपरेर कस्तो गाउँ पछाडि पर्छ त ?

जुन गाउँमा 'फलानोले यो विषयमा डिग्री हासिल गऱ्यो रे' भन्ने खबर फैलनुपर्ने थियो। जुन गाउँमा 'फलानोको छोरा नाति प्राध्यापक भयो रे, डिग्री गर्नेहरूलाई पढाउँछ रे' भन्ने खबर फैलनुपर्ने थियो। वा जुन गाउँमा 'फलानोले कृषि र पर्यटनमा यस्तो प्रगति गऱ्यो रे' भन्ने खबर फैलनुपर्ने थियो !

जुन गाउँमा जुवाघरको साटो सानै भए पनि लाइब्रेरी हुनुपर्ने थियो । जुन गाउँमा मान्छेहरूका हातमा तासका पत्तीहरु होइनन्, किताबका पन्नाहरू हुनुपर्ने थियो । जुन गाउँमा तासको खेल हेरेर ताली पिट्ने दर्शकहरूले कुनै बच्चाको प्रतिभाको प्रदर्शनी हेरेर ताली पिट्नुपर्ने थियो।

तर, जुन गाउँमा गाउँकै गन्नेमान्य मान्छेहरू हरेक दिन तुवातासको खालमा भेटिएपछि त्यो गाउँ पछाडि नपरेर कुन गाउँ पछाडि पर्छ त ? गाउँकै आदर्श मानिएका व्यक्तित्वहरू (जसलाई हेरेर बच्चाहरूले भविष्यमा के बन्ने भनेर निर्णय लिन्छन्) नै त्यस्तो हालतमा भेटिएपछि त्यो गाउँ नबिग्रेर



नवीन काजी राई

कुन कुन गाउँ बिग्रन्छ त ?

कान्छी आमाले पधेँरोबाट पानीसँगै लिएर आएको हारजीतको खबरमा मुख्य पराजित खेलाडी मेरो स्कुले साथी थियो । जोसँग हातमा किताब च्यापेर हतारहतार स्कुलको पिटी भ्याउन दगुरेको स्मृति तजोताजा छ। ४, ५, ६ हुँदै नौ, दश कक्षा सँगै पढेका थियौं। हाम्रो कक्षाकोठामा विद्यार्थीभन्दा किताबको संख्या धेरै, किताबको संख्याभन्दा होमवर्कको सूचि धेरै हुन्थ्यो।

हुँदाहुँदा हामीले २०६७ सालमा एसएलसी दियौं।

८४ जनाले एसएलसी दिएका थियौं । यसपछि धेरै साथीहरूले दुःख र बाध्यताका कारण थप पढ्न पाएनन् । धेरै साथीहरु पढाइको महत्व नबुझेर पढ्न सकेनन् । धेरै साथीहरुलाई पढाइको महत्व नबुझाइएकाले थप पढ्न सकेनन्। धेरै साथीहरूलाई गाउँको माहौलले थप पढ्नलाई रोकिदियो।

किशोरहरुले पढाइको साटो गाउँका गन्नेमान्यसँग 'पार्टनर' बनेर जुवातास खेल्न पाए, त्यसैमा मख्ख भए। सानै उमेरमा गाउँकै प्रतिष्ठित व्यक्तित्वहरूसँग बसेर तास खेल्न पाएपछि सायद उनीहरुको किशोर मनोविज्ञानमा पऱ्यो, 'ठूला मान्छेहरूसँग संगत भएकै छ, अब थप किन पढ्नुपऱ्यो !' जब कि कथित् ठूला व्यक्तित्वहरूसँगको तासघरको संगत र अनुभव वास्तविक जीवनमा कतै पनि काम लाग्दैनथ्यो। तर, यसरी सम्झाउने कसले ? गनिएका÷चिनिएका मान्छेले नै तास खेल्न प्रोत्साहन गर्ने रहेछन्। तिनैले खेल्नका लागि वातावरण बनाइदिने रहेछन् । तास खेल्नका लागि सहजै ऋण पनि पाइने रहेछ।

भनिन्छ नि, बच्चाहरू भनेको काँचा माटा जस्तै हुन्, उनीहरूलाई जे बनायो त्यही बन्छन्। अनि काँचा माटालाई भाँडो बनाइदिने कुमालेहरूले बच्चाहरूलाई तासको खालमा ताससँगै फिटिदिएपछि उनीहरु जुवाडे बाहेक के बन्छन् त !

मेरो ब्याचका अधिकांश साथीहरू आज नेपालमा छैनन्। अधिकांश खाडीमा छन् । नेपालमा भएकाहरू पनि शारीरिक मजदुरको रूपमा ज्यालादरीमा काम गरिरहेका छन्। पढलेखको क्षेत्रमा एकदमै नगण्य छन्। मेरै ब्याजका ८४ जनामा सायद एक÷दुई जना मात्रै पढेलेखको क्षेत्रमा छन्।

२०६७ सालको मेरो ब्याजका साथीहरू मात्रै होइनन्, यसपछि आउने ब्याचहरूले पनि पढाइलाई निरन्तरता दिएनन् । च्यास्मिटार उच्च माध्यामिक विद्यालयबाट अहिलेसम्म मसहित १५ ब्याचले एसएलसी र एसईई दिइसके । १५ ब्याचबाट कम्तीमा एक हजार विद्यार्थीले एसएलसी र एसईई दिए।

यो एक हजार संख्या भनेको सानो संख्या होइन। अबको १५ देखि २० वर्षको अन्तरालमा यो पुस्ताले आफूले छनोट गरेको पेशागत क्षेत्रमा नेतृत्व लिनेछन् । कर्पोरेट दुनियाँदेखि ब्युरोक्रेसीको नेतृत्वको दौडमा यही पुस्ता हुनेछ। सुरक्षा निकायदेखि राजनीतिक क्षेत्र यही पुस्ताको निर्णयमा भर पर्नेछ। व्यवसायदेखि शैक्षिक क्षेत्रको भविष्य यही पुस्ताले आफ्नो काँधमा बोकेर हिँड्नेछ।

तर, च्यास्मिटारमा भने यही पुस्ताको भविष्य तासको खालमा सकिँदै गएको रहेछ। ज्ञानको क्षेत्रमा गर्नुपर्ने लगानी म्यारिज र फलाँसमा गरिएको छ। यसैको परिणति हो, हरेक दिन न्यूनतम पारिश्रमिकमा अरब उड्ने जहाजमा मेरो गाउँको एक न एक युवा भेटिनु । एक हजार बढीले एसएलसी÷एसईई दिए पनि गाउँमा ब्याचलर्स पास गरेको मेरो पुस्ता भेटिन गाह्रो छ । शिक्षाको क्षेत्रमा सक्रिय रहेकाहरू त हातका दश औंलाभन्दा कम छन्।

बितेको डेढ दशकको समीक्षा गर्ने हो भने मेरो वडाको शैक्षिक स्तर दिनदिनै खराब हुँदै गइरहेको तथ्यांकले नै देखाउँछ । अनि यही खराबीमा राजनीतिकर्मीहरू खुलेआम खेलिरहेको प्रमाण प्रशस्तै भेटिन्छन्। मन्दिरका नाममा लाखौं बजेट पालिकाले वार्षिक रूपमा छुट्याएको तथ्यांक छ। चर्चका नाममा लाखौं बजेट छुट्याइएको छ। यसरी बजेट छुट्याइनुको नियत सबैले बुझ्छन्,– भोटका लागि !

चालू आर्थिक वर्षमा वडामा आउने ३५ लाख बजेटकै विनियोजनमा मुख्य प्राथमिकतामा देवीका थान र चर्चहरू छन्। बलिदान मण्डली व्यवस्थापन भनेर एक लाख ५० हजार छुट्याइएको छ । इमानिसी मण्डली भवन निर्माण भनेर दुई लाख ५० हजार बजेट छुट्याइएको छ। मन्दिरतिर सेतीदेवी र मकालीदेवी घेराबार शिर्षकमा एक–एक लाख गरेर दुई लाख बजेट छुट्याएको छ। चर्च र मन्दिरका नाममा मात्रै छ लाख बजेट छुट्याइएको छ।

छ लाख भनेको ३५ लाख बजेटको १७ दशमलव १४ प्रतिशत हो । शिक्षाको नाममा शौचालय निर्माण र विद्यालयको भवन मर्मत भनेर चार लाख बजेट छुट्याइएको छ । जब कि विगत डेढ दशकदेखि शैक्षिक स्तर भने निरन्तर खस्कँदो छ । च्यास्मिटारको शैक्षिक अवस्था किन यस्तो छ ? न जनप्रतिनिधिलाई चासो छ, न समाजका अगुवा भनाउँदाहरूलाई !

जुन ठाउँमा शिक्षामा गर्नुपर्ने लगानी मन्दिर र चर्चजस्ता अनुत्पादक ठाउँहरूमा गरिन्छ, त्यो ठाउँ कसरी चेतनशील बन्न सक्छ ? 'बच्चा जन्मनु भनेको जैविक प्रक्रिया हो' भनेर बुझाउनुको साटो 'भगवानले दिएको उपहार हो' भन्ने चेतनामा मान्छेहरुलाई बाँच्न बाध्य पारिने गाउँ कसरी आर्थिक रुपमा अगाडि बढ्न सक्छ ? आकाशमा बादल छाउनु, पानी पर्नुमा वैज्ञानिक कारणहरु छन् भनेर बुझाउनुको साटो 'परमेश्वरले पानी पारिदिएको हो' भन्ने अन्धविश्वासमा गुज्रिरहेको गाउँ कसरी शैक्षिक रूपमा अगाडि बढ्न सक्छ ?

उल्लेखित च्यास्मिटारको बजेट वितरण त प्रतिनिधि घटना मात्रै हो। सिंगै पालिकाभरि 'भोट ब्यांक' को रूपमा मन्दिर, चर्च लगायत ठाउँमा बजेट छुट्याइएको छ । जनताले आ–आफ्नो स्वविवेकले दिन नसकेको भोट पनि के भोट !

जनताको अन्धविश्वासमाथि खेलेर यसरी जनप्रतिनिधिले अनुत्पादक क्षेत्रमा मनलाग्दी बजेट छुट्याउनुको आन्तर्य एकै हो,– जनतामा भएको अज्ञानता ! यसरी जनताको अज्ञानतामाथि खेल्दै टाठाबाठा भनाउँदाले सिंगो पुस्ताकै भविष्यमाथि डरलाग्दो जुवा खेलिरहेका छन् । विद्यालयलाई पाखा लगाएर चर्च र मन्दिरहरुमा बजेट छुट्याइनुको नियत स्पष्ट छ। तर, जनप्रतिनिधिको यस्तो नियतमाथि प्रश्न गर्ने कसले ? जब कि प्रश्न गर्ने चेतना नै तासको एक्का र गुलामका पत्तीहरुमा हरेक दिन फिटिन्छ।

खासमा सपना देख्नलाई पनि चेतना चाहिने रहेछ। सपना देख्नका लागि घर र समाजको वातावरण राम्रो हुनुपर्ने रहेछ। पढ्नुपर्छ, पढेको मान्छे समाजमा चाहिन्छ भन्ने चेतनाले गाउँको हरेक ढोका नढकढकाएसम्म गाउँको सिंगो भविष्य तासका पत्तीहरुमा फिटिने रहेछ ! बाटो देखाउने मान्छेहरु नै गलत बाटोमा भएपछि सिंगो गाउँ नै अँध्यारोतर्फको यात्रामा निस्कँदो रहेछ।

यस्तै यस्तै सोच्दै म काठमाडौंका लागि गाडी चढेँ।

गाडीमा मेरै गाउँको भूपिन भाइ पनि थियो। हामी घुर्मीसम्म सँगै आयौं । त्यसपछि ऊ पूर्वतिर लाग्यो । ऊ पूर्व हुँदै भारतको मिजोराम, नागाल्याण्डतिर कोइला काट्न हिँडेको छ। सानैदेखि ऊ कलाकारितामा रुचि राख्थ्यो। यदि उसले राम्रो वातवरण पाएको थियो भने यसबेला कोइलाखानीको साटो काठमाडौंमा संघर्ष गरिरहेको हुन्थ्यो।

प्रिय भूपिन, तिमीले पढ्न नसक्नुमा तिम्रो केही दोष छैन। दोष त ती तासघरमा रातभर कचहरी गर्ने गन्नेमान्येहरूको छ, जसले तिमीजस्तो प्रतिभावान युवालाई तासघरमै अलमल्याइदियो । जसले विद्यालयको ढोका होइन, तासघर ठीक हो भन्ने भ्रम बालमस्तिष्कमा भरिदियो। प्रिय भूपिन, आउँदो पुस्ताको सुन्दर भविष्यको खातिर अब तासघर र तास खेलाडीहरूलाई सदाका लागि गाउँबाट सफा गर्नुपर्ने समय आएको छ। नेपालप्रेस

# बिपीको मेलमिलाप नीतिः सर्वकालीन सान्दर्भिकता



धर्मेन्द्र झा

मंगलबार देशैभरि राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाइयो। मूलतः नेपाली कांग्रेसले संस्थागत रुपमा मनाउँदै आएको यो दिवस सम्पूर्ण नेपाल र नेपालीका लागि महत्वपूर्ण छ। बिपी ३० डिसेम्बर १९७६ अर्थात् २०३३ पुस १६ का दिन भारत निर्वासनबाट स्वदेश फर्किनुभएको थियो । भारतमा निर्वासनमा रहनुभएका बिपी आठ वर्षपछि नेपाली कांग्रेसका संस्थापक महानायक बिपी कोइराला स्वदेश फर्केको दिनलाई नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप दिवसका रुपमा मनाउँदै आएको छ। निर्वासनको यो आठ वर्ष बिपीका लागि अत्यन्त कष्टपूर्ण, कठिन र सङ्घर्षयुक्त रहे।

निर्वासनबाट स्वदेश फर्कनु स्वयं बिपीका लागि, नेपाली कांग्रेसका लागि र समग्रमा नेपालका लागि निकै महत्वपूर्ण राजनीतिक खुड्किलो रहेको त्यसबेला स्वीकार गरिएको थियो वा अहिले पनि सान्दर्भिक र सामयिक छ। निकै जोखिम मोलेर नेपाल फर्कने सन्दर्भ बिपीको निकै ठूलो साहसिक निर्णय थियो, तत्कालीन राजनीतिक अवस्थाको विश्लेषण गर्ने हो भने यो जोखिमको अनुमान सहजै गर्न सकिन्छ। यो कुराको एक उदाहरणका रुपमा अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको सन्दर्भलाई पनि जोड्न सकिन्छ। नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजालका अनुसार कार्टर राष्ट्रपति रहँदा नै उहाँले तत्कालीन राजालाई बिपीलाई जेलमुक्त गर्न आग्रह गर्नुभएको थियो। उनै कार्टरको हिजो एक सय वर्षका उमेरमा भौतिक अवसान भएको छ । कार्टरद्वारा राजालाई गरिएको आग्रहबाट पनि तत्कालीन विश्व राजनीतिमा कति महत्वपूर्ण व्यक्तित्व हुनुहुन्थ्यो भन्ने स्पष्ट हुन्छ।

मृत्युदण्डसमेत हुन सक्ने प्रकृतिका आठवटा मुद्दा खेपिरहेका बिपीका लागि स्वदेश आगमनको निर्णय कम जोखिमपूर्ण थिएन। तर बिपी देश, प्रजातन्त्र र राष्ट्रियताको संवद्र्धनको उद्देश्य राखी स्वदेश फर्किनुभयो। त्यसो त कांग्रेसकै केही नेताको बुझाइमा भारततर्फको प्रस्थान बिपीको आत्मनिर्वासनको निर्णयको उपज थियो । बिपी त्यसबेला भारत जानुपर्ने कुनै आन्तरिक कारण नरहेको यो तप्काको बुझाइ छ । तर यो एक विचार मात्र हो । यसको पक्षमा समर्थन जनाउनेपर्नेहरुको सङ्ख्या कांग्रेसभित्रै पनि न्यून छ । सायद त्यतिबेलाको राष्ट्रिय राजनीतिको आवश्यकता बोध गरेर बिपीबाट लिइएको एक अनिवार्य तर परिपक्व निर्णय थियो, नेपाल आगमन। जे होस्, यो बहसको फरक विषय हो। निश्चित के हो भने मेलमिलापको औचित्य स्वीकार गर्दै बिपी नेपाल फर्केपछि आन्तरिक राजनीतिले नयाँ धार र दिशा लिएको भने पक्कै हो । साँच्चै हो भने आजको लोकतन्त्रसहितको नेपाल बिपीको त्यही जोखिमको परिणाम होभन्दा फरक पर्दैन । बिपी नेपाल फर्किनुभएको कुराको कांग्रेसलगायत प्रजातान्त्रिक मूल्यमान्यतामा विश्वास गर्ने धेरैले स्वागत गरेका थिए। तर उहाँको अनुपस्थितिका कारण रिक्त स्थानको लाभ उठाउँदै टाउको उठाउन थालेको तत्कालीन कम्युनिष्टहरुले भने बिपीको स्वदेश आगमनलाई खासै रुचाएको थिएनन् । यसैगरी, बिपीको नेपाल आगमनलाई त्यसबेला राजपरिवारलाई पनि मन परेको थिएन। तर अन्तर्राष्ट्रिय राजनीतिमा बिपीको बढ्दो कदका कारण उहाँको नेपाल आगमनलाई अस्वीकार गर्नसक्ने अवस्थामा पनि राजपरिवार थिएन। बिपी नेपालबाट जाँदा र फर्कंदाको बीचमा स्थानीय राजनीतिक परिदृश्यमा निकै फरकपन आइसकेको थियो। राजा महेन्द्रको अवसान भइसकेको थियो।

राजाका रुपमा बेलायतमा पढेका वीरेन्द्र अवतरित भएका थिए। चीनको परिवर्तित राजनीतिक अवस्थाको प्रभाव नेपालमा परेको थियो । बङ्गलादेशको स्थापना र भारतमा सिक्किम विलयको प्रभावबाट पनि नेपाल अछुतो थिएन। नेपाली कांग्रेसले विगतमा प्रारम्भ गरेको सशस्त्र सङ्घर्षको औचित्यमाथि कांग्रेसभित्रै प्रश्नचिह्न उठाइरहेको थियो । विश्व असंलग्न आन्दोलनमा सहभागी भएर नेपाली राजतन्त्रले आफ्नो औचित्य प्रमाणितको प्रयास गरिरहेको थियो। यस्तोमा बिपीको नेपाल आगमन भएको थियो, जसले तात्विक रुपमा निकै अर्थ राख्दथ्यो। बिपी समुन्नत वा समृद्ध राष्ट्रका लागि राष्ट्रवादी र प्रजातन्त्रवादीका बीच न्यूनतम एकता र सहअस्तित्व चाहनुहुन्थ्यो।

बिपीको नेपाल आगमनको सन्दर्भलाई आजको अवस्थामा नयाँ ढङ्गले विश्लेषण गरिनु आवश्यक छ। माथि उल्लिखित पृष्ठभूमिका केही कारक अवस्था हुन्, जसको विश्लेषण गरिनु जरुरी छ र यसै आलोकमा बिपीको नेपाल आगमन र राष्ट्रिय मेलमिलापको नीतिलाई बुझ्नु जरुरी छ। अर्को कुरा, बिपीको अनुपस्थितिमा नेपाली राजनीतिले बिपी र कांग्रेसबिनाको एक नयाँ 'कोर्स' तय गर्ने प्रयास त गरिरहेको थियो नै सँगै निर्वासित भूमिका जिम्मेवारसँग बिपीको दूरी बढिरहेको आकलन त्यसबेला गरिएको थियो। जवाहरलाल नेहरुपुत्री इन्दिरा गान्धी सन् १९७५ को सङ्कटकालमार्फत निकै शक्तिशाली बनेको अवस्था थियो । विमान अपहरणको आरोपमा दुर्गा सुवेदी र सुशील कोइरालालाई भारत सरकारले पक्राउ गरेको थियो । यस्तो अवस्थामा सायद बिपीलाई भारतमा रहिरहँदा आफ्नो राजनीतिमा बाह्य निगरानी र नियन्त्रण बढ्नसक्ने सम्भावनाले पनि गाँजेको हुनसक्छ।

बिपी नेपालका पूर्वप्रधानमन्त्री र नेपाली कांग्रेसका सभापति हुनुहुन्थ्यो। यसर्थ उहाँको नेपाल आगमनलाई किन अस्वाभाविक मान्ने भन्ने प्रश्न गर्न सकिन्छ तर नेपालको आन्तरिक राजनीतिक कारणले निर्वासनमा रहेकाले बिपीले नेपाल आगमन हेतु त्यही समय किन रोजे भन्ने प्रश्न महत्वपूर्ण छ। यस सन्दर्भमा माथिका आधारमा विश्लेषण गर्ने हो भने नेपाल आगमनको त्यो समयलाई बिपीले रणनीतिक हिसाबले प्रयोग गरेको रुपमा बुझ्न सकिन्छ। त्यसबेला राष्ट्रिय राजनीतिका सन्दर्भमा सम्भवतः बिपीका सामु तीन÷चार अवस्था विश्लेषणयोग्य थिए।

बेलायतमा अध्ययन गरेका राजा वीरेन्द्रको उदय भइसकेको थियो, जो तुलनात्मक रुपमा प्रजातन्त्रमा विश्वास गर्दथे भन्ने विश्वास गर्न थालिएको थियो। अतः नयाँ राजासँग सम्बन्ध सुधार गरी नेपालमा प्रजातन्त्र स्थापना र राष्ट्रियता प्रवद्र्धनको सङ्घर्षको नयाँ अध्याय प्रारम्भ गर्न सकिन्थ्यो भन्ने विश्वासका आधारमा बिपीले नेपाल आउने निर्णय गर्नुभएको हुनसक्छ। उहाँको मेलमिलाप नीतिको विश्लेषण गर्ने हो भने यो राजा लक्षित थियो भन्न सकिन्छ। जो स्वाभाविक पनि थियो। राजाले राष्ट्रवादी धारको नेतृत्व गर्छन् भन्ने विश्वासका आधारमा प्रजातन्त्रको नेतृत्व गर्ने बिपीले राजासँग मिलेर नेपालमा नयाँ राजनीतिक अभियान सुरु गर्न सकिने संयन्त्रका रुपमा मेलमिलाप नीतिलाई लिनुभएको हुनसक्छ । उहाँले राष्ट्रियता संरक्षणको कुरा उठाउँदै राजाको घाँटी र आफ्नो घाँटी जोडिएको उल्लेख गरेबाट पनि उहाँको रणनीतिक सोचको विश्लेषण गर्न सकिन्छ।

यस्तै, आफ्नो अनुपस्थितिका कारण निर्माण भएको रिक्तताको अवस्थामा टाउको उठाउन थालेको कम्युनिष्ट प्रभावलाई रोक्न जरुरी रहेको उहाँको मान्यता हुनसक्छ। प्रजातान्त्रिक आन्दोलन कमजोर हुँदा कम्युनिष्ट आन्दोलन फस्टाउन सक्थ्यो र शीतयुद्धकालीन विश्वमा नेपाल कुनै खास खेमामा आबद्ध हुनसक्ने सम्भावनाको अन्त्य गर्न पनि बिपीले नेपाल आगमनलाई उपयुक्त मानेको हुनसक्छ। यसैगरी, मूलधारबाट धेरै समय टाढा रहँदा राष्ट्रिय राजनीतिमा आफ्नो प्रभाव कमजोर हुनसक्थ्यो र नेपाली कांग्रेसमाथिको आफ्नो पारम्परिक नियन्त्रण र प्रभाव नै पनि समस्यामा पर्न सक्ने सम्भावनाका आधारमा पनि बिपीले नेपाल फर्कने निर्णय गर्नुभएको हुनसक्छ। यी केही यस्ता आधार थिए, जसले बिपीलाई त्यही समयमा नेपाल फर्कन प्रेरित गरेको हुनसक्छ। यस क्रममा धेरै कुरा अहिलेसम्म अनुमानमा आधारित नै छन् किनभने बिपी स्वयंले यस विषयमा विस्तारमा धेरै चर्चा गर्नुभएको छैन। जे होस् तत्कालीन राष्ट्रिय राजनीतिमा बिपीको मेलमिलाप नीतिको सकारात्मक प्रभाव परेको थियो। सबैभन्दा महत्वपूर्ण कुरा बिपी स्वदेश फर्केपछि आमजनतामा नयाँ आशाको सञ्चार भएको थियो भने कांग्रेसले नै पनि नयाँ रुप प्राप्त गर्ने प्रयासको प्रारम्भ भएको थियो । वैचारिक दृष्टिले कांग्रेस तुलनात्मक रुपमा केही परिपक्व भएको अनुभव गरिएको थियो।

मुलुकको राजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण मुलुक निर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ। प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन सङ्घर्ष गरेका बिपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेको दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ। राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुनसक्छ भन्ने उहाँको सोचलाई सबैले आत्मसात् गर्नु आवश्यक छ। राष्ट्रिय एकता सम्पूर्ण नेपाली जनताको सामूहिक प्रयासबाट हुने अभियान र कार्यले मात्र स्थापित हुन्छ। यस्तो सामूहिक अभियानले नेपाली जनताको भावनात्मक एकताको संस्थागत आधार पनि तयार पार्छ।

आज नेपालमा राजतन्त्र छैन। कम्युनिष्ट आन्दोलन पनि हिजोको अवस्थामा छैन । कांग्रेसको नेतृत्व कोइराला परिवारभन्दा बाहिर गएको छ। विश्वमा असंलग्न आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन। यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा औचित्य छ ? यसको एउटै जवाफ हो, छ। बरु हिजोभन्दा आज यो नीति अझै सान्दर्भिक र महत्वपूर्ण ठहरिएको छ । हाल देशले विभिन्न नाममा राजनीतिक निकास नपाइरहेको अवस्थामा यो नीतिको उपयोगले सार्थक परिणाम सिर्जना गर्नसक्ने सम्भावनाको अपेक्षा गर्न सकिन्छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# देशलाई समृद्धिको मार्गमा अग्रसर गराऔँः राष्ट्रपति



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले श्रमको सम्मान गर्दै आर्थिक एवं भौतिक विकासको माध्यमबाट देशलाई समृद्धिको मार्गमा अग्रसर गराउनु आजको आवश्कता भएको बताएका छन् । संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले मंगलबार आयोजना गरेको श्रम संसद्मा उनले मुलुकको विकास भनेको केवल आर्थिक र भौतिक प्रगति मात्र नभई यससँग मानवीय पक्ष पनि भएको बताए ।
आफूले राजनीतिक जीवनमा देशको सामाजिक एवं आर्थिक रुपान्तरणका लागि किसान र श्रमिकलाई साथमा लिएर काम गरेको स्मरण गरे ।
'निमुखालाई न्याय अनि विपन्नलाई आय र श्रमको सम्मान गर्ने संस्कृति नै यो देशको विकासको आधार हो भन्ने विषयलाई मैले सदैव जोड दिँदै आएको छु, सफल राजनीतिक परिवर्तनपछि देशले चाहेको विकास र समृद्धिको आधार पनि हामीले यही अवधारणाको जगमा खोज्नुपर्दछ,' राष्ट्रपति पौडेलले भने ।
नेपालका श्रमजीवीहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा गरेको योगदान सराहनीय रहेको र सोही योगदानका कारण संविधानमा उचित श्रम अभ्यास, सङ्गठन गर्न पाउने स्वतन्त्रता, सामूहिक सौदाबाजी र योगदानमा आधारित सामाजिक सुरक्षालाई मौलिक हकका रुपमा समावेश गरिएको उनले बताए ।
'देशमा सबैभन्दा ठूलो श्रमिकहरूको सङ्ख्या कृषि क्षेत्रमा रहेकाले मैले 'व्यावसायिक कृषि कार्यक्रम' र कृषि क्रान्तिको कुरा श्रमिकको जीवनमा क्रान्ति ल्याउनकै लागि गरेको हुँ,' उनले भने ।राष्ट्रपति पौडेलले प्रकृतिको दोहन र मानवीयताप्रतिको बेवास्ताले विश्वमा दिनानुदिन जलवायु परिवर्तनको जोखिम बढेकामा चिन्ता व्यक्त गरे । उनले जलवायु परिवर्तनको असरबाट महिला श्रमिकहरू बढी प्रभावित भएका बताए । रासस

# गणतन्त्रलाई सुदृढ बनाउनुपर्छः सभापति देउवा



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गणतन्त्रलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् । नेपाली कांग्रेस काठमाडौं जिल्ला कार्यसमितिले राष्ट्रिय मेलमिलाप दिवसका अवसरमा मंगलबार आयोजना गरेको पार्टीको सयदिने अभियानको समापन गर्दै उनले सबै नेपाली एकताबद्ध भएर गणतन्त्रलाई सुदृढ बनाउनु आजको आवश्यकता भएको बताए ।
सभापति देउवाले राष्ट्रिय मेलमिलापको नीतिबाट प्रेरित भएर नेपाली कांग्रेस मात्र नभई सम्पूर्ण नेपाली जनता एकताबद्ध भएर राष्ट्रनिर्माणका काममा अघि बढिरहेका भन्दै यो एकता सधैँ अक्षुण्ण रहनुपर्ने बताए ।
पूर्वप्रधानमन्त्री देउवाले गणतन्त्रलाई सफल पार्न यसविरुद्धका गतिविधि निस्तेज पार्नुपर्ने बताए । उनले हिमाल, तराई, पहाड जुनसुकै स्थानका नेपालीबिच एकता र मेलमिलाप हुनुपर्नेमा जोड दिए ।
पार्टीका नेता कृष्णप्रसाद सिटौलाले देशको आर्थिक प्रगति अहिलेको आवश्यकता भएको उल्लेख गर्दै भने, 'आर्थिक रूपमा पछाडि परेका जनतालाई विकासको मूल प्रवाहमा समाहित गर्नुपर्छ, दलित, महिलाका समस्या समाधान गरेर उनीहरूलाई पनि आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउनु नेपाली कांग्रेसको दायित्व हो ।'
नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप नीतिअनुरूप सबै राजनीतिक दललाई एकाकार गरेर काम गर्नुपर्ने उनले बताए ।
नेपाली कांग्रेस काठमाडौंका सभापति सबुजकृष्ण बानियाँले पार्टीलाई गुट–उपगुटबाट मुक्त गर्नुपर्छ भने। पार्टीले काठमाडौंका १३८ वटै वडा, ११ वटै स्थानीय तह र १० वटै निर्वाचन क्षेत्रमा सयदिने अभियान सञ्चालन गरेको जानकारी उनले दिए । रासस

# 'राष्ट्रिय मेलमिलापको नीति सदैव सान्दर्भिक र अनुशरणयोग्य'



**काठमाडौँ ।**
प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले प्रतिपादन एवं अङ्गिकार गरेको राष्ट्रिय मेलमिलाप नीतिको सान्दर्भिकता र औचित्य अहिले पनि उत्तिकै रहेको धारणा व्यक्त गरिएको छ ।
मंगलबार ४८ औँ राष्ट्रिय मेलमिलाप दिवसका अवसरमा सुन्दरीजलस्थित बीपी संग्रहालयमा आयोजित कार्यक्रममा कांग्रेस नेता तथा बुद्धिजीविहरूले देश र जनताको पक्षमा आफ्नो ज्यानलाई बाजीमा राखी स्वदेश फर्किएर बीपी कोइरालाले मुलुकको प्रजातान्त्रिक आन्दोलनमा अतुलनीय योगदान दिएको बताए ।
राष्ट्रिय मेलमिलापको नीति लिई स्वदेश फर्केपछि बीपी कोइरालाको राजनीतिक प्रभाव र सक्रिय गतिविधिका कारण २०३६ सालमा आमनिर्वाचन घोषणा गर्न तत्कालीन राजा बाध्य हुनुपरेको चर्चा गर्दै उनीहरूले उनी एक सच्चा राष्ट्रवादी, दूरदर्शी, बौद्धिक एवं साहसिक नेता भएको बताए ।
सो अवसरमा नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री तारिणीदत चटौतले बीपी कोइरालाले लिएको साहसिक कदमका कारण नेपालको प्रजातान्त्रिक आन्दोलन सफल भएको उल्लेख गर्दै राष्ट्रिय मेलमिलाप नीतिको सान्दर्भिकता र औचित्य अहिले पनि रहेको धारणा व्यक्त गरे ।प्रजातान्त्रिक विचार समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले साहसिक एवं दूरदर्शी निर्णय क्षमताका कारण अन्तर्राष्ट्रियस्तरमा समेत प्रभाव छोड्न सफल महामानव बीपी कोइरालाले ३३ वर्षअघि लिएको मेलमिलापको नीति आज पनि उत्तिकै महत्व रहेको बताए ।
संग्रहालयका अध्यक्ष परशुराम पोखरेलले आफ्नो ज्यानको जोखिम मोलेर देश, जनता र प्रजातन्त्रका पक्षमा स्वदेश फर्किएका बीपी कोइराला यस क्षेत्रका महान् नेता थिए ।
देशमा प्रजातन्त्र स्थापना गर्ने अठोटका साथ नेपाली कांग्रेस पार्टी स्थापना गरी राजनीतिक आन्दोलनको नेतृत्व गरेका बीपी कोइराला सहकर्मी नेताहरूका साथ आठ वर्ष भारतमा रही आन्दोलनमा सरिक भएका थिए ।
राणा शासन अन्त्यसहित प्रजातान्त्रिक आन्दोलनमा सक्रिय नेता गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्का, रामबाबु प्रसाईं र नीलाम्बर पन्थीसँगै २०३३ पुस १६ गते बीपी कोइराला राष्ट्रिय मेलमिलाप नीतिका साथ भारतबाट स्वदेश फर्किएका थिए । रासस

# 'सके सहमति नभए पद्धतिबाट नेतृत्व लिनुपर्छ'



**विराटनगर ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य विजयकुमार गच्छदारले पार्टीको नेतृत्व सके सहमति नभए पद्धति अपनाएर लिनुपर्ने बताएका छन् ।
कांग्रेस मोरङद्वारा मंगलबार आयोजित 'नेपाली कांग्रेस राष्ट्रिय एकता तथा मेलमिलाप दिवस एवं नेपाली कांग्रेस १०० दिने विशेष अभियान' समापन कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । नेपाली कांग्रेसलाई बलियो बनाउन कार्यकर्ता गुटउपगुटमा बाँडिन नहुने उनको भनाइ थियो । लोकतन्त्रको सुदृढीकरण तथा संस्थागत विकास गर्न कांग्रेस बलियो हुनुपर्ने धारणा राख्दै उनले भने, 'नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीचको गठबन्धनले निरन्तरता पाउनुपर्छ ।' नेता गच्छदारले मुलुकमा राजनीतिक स्थिरता कायम गरी समृद्धि हासिल गर्न गठबन्धन अपरिहार्य छ भन्दै बीपी कोइरालाले अपनाएको राष्ट्रिय एकता र मेल मिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताए । युगद्रष्टा बीपी कोइरालाले ४८ वर्षअघि लिएको नीतिकै आधारमा कांग्रेस र नेकपा (एमाले) ले मिलेर ठूलठूला आन्दोलनलाई सफल पारेको इतिहास स्मरण गर्दै गच्छदारले भने, 'विगतमा कांग्रेसको नेतृत्वको सरकारले विकास र समृद्धिको आधार खडा गरेको स्मरण गराए ।' रासस

# नेकपाले विचार मिल्ने दलसँग सहकार्य गर्ने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टीले क्रान्तिकारी ध्रुवीकरणलाई तीव्रता दिने निर्णय गरेको छ ।
गत मंसिर २७ देखि यही पुस २ गतेसम्म कपिलवस्तुमा बसेको सो पार्टीको नवौँ केन्द्रीय समितिको छैटौँ पूर्ण बैठकले तत्काल विचार मिल्ने राजनीतिक दलसँग सहकार्य गर्ने निर्णय गरेको मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।
बैठकले पार्टीका विचार र प्रस्तावलाई स्पष्ट गर्न देशव्यापी अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरेको महासचिव नेत्रविक्रम चन्दले जानकारी दिए । उक्त पार्टीले २०८४ को निर्वाचनलाई राष्ट्रिय स्वाधीनता, उत्पीडित वर्ग, जाति, समुदाय, महिला, युवा, विद्यार्थी र नेपाली विशेषतासहितको समाजवादको पक्षमा प्रयोग गर्ने निर्णय गरेको छ । त्यसका लागि जनतालाई स्पष्ट सन्देश दिन पार्टी दर्ता गरेर उपयुक्त चुनाव चिह्न लिइने उनले जानकारी दिए ।
उक्त पार्टीले भ्रष्टाचार, वैदेशिक हस्तक्षेप, सुकुम्बासी, मिटरब्याजलगायत समस्या समाधानमा सरकारलाई जवाफदेही बनाउन आगामी फागुन २१ गतेदेखि झापा–कञ्चनपुर जनपरिचालन गर्ने निर्णय गरेको छ ।
बैठकले सिंगो मुलुकलाई आत्मनिर्भरतासहित समृद्धितर्फ अघि बढ्न नयाँ आर्थिक मार्गको विचारलाई दृढताका साथ कार्यान्वयन गर्ने, कृषि उत्पादनसहित उद्योग सञ्चालनका लागि अध्ययन अघि बढाउने, उत्पादन वृद्धि गरी काठमाडौँ उपत्यकामा 'सी व्यापार केन्द्र' सञ्चालन गर्ने निर्णय गरेको महासचिव चन्दले जानकारी दिए ।
रासस

# एमालेलाई राष्ट्रिय शक्ति बनाउने अभियानमा लाग्न आग्रह




**नेपालगञ्ज ।**
नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले एमालेलाई सबल राष्ट्रिय शक्ति बनाउने अभियानमा लाग्न पार्टी कार्यकर्तालाई आग्रह गरेका छन् । एमाले नेपालगन्ज उपमहानगरपालिका कमिटीले मंगलबार आयोजना गरेको अगुवा कार्यकर्ता भेलामा उनले समृद्धिका लागि बहुमतको सरकार आवश्यक पर्ने बताए ।
महासचिव पोखरेलले 'मिसन ८४'अन्तर्गत एमालेलाई राष्ट्रिय शक्ति बनाउन सबै तहका नेता तथा कार्यकर्ताको सक्रिय भूमिका आवश्यक पर्नेमा जोड दिए । मिसन ८४ मा केन्द्रित भएर काम गर्न उनले निर्देशन पनि दिए ।
महासचिव पोखरेलले विश्वका अन्य देशमा एउटै राजनीतिक दल र नेताले दुई–तीन कार्यकाल सरकारको नेतृत्व गरिरहेको अवस्थामा नेपालमा भने सरकारले पूर्ण कार्यकाल सेवा गर्न नपाउँदा प्रमुख दुई दलबिच सहकार्य हुनु असामान्य नभएको टिप्पणी गरे । रासस

# प्रतिनिधिसभा सचिवमा राई नियुक्त

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभाको सचिवमा झापाका हर्कराज राईलाई नियुक्त गरेका छन् । नेपालको संविधानको धारा, १०६ को उपधारा (१) बमोजिम सभामुख देवराज घिमिरेको सिफारिसमा कोशी प्रदेश,शिवसताक्षी नगरपालिका–२ निवासी राईलाई उक्त पदमा मंगलबार नियुक्त गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । रासस

# कांग्रेसको महाधिवेशन आम निर्वाचनपछि गर्नु उपयुक्तः शशांक



**चितवन ।**
नेपाली कांग्रेसका नेता डा.शशाङ्क कोइरालाले नेपाली कांग्रेसको महाधिवेशन तोकिएको समयमा या आम निर्वाचनपछि गर्नु उपयुक्त हुने बताएका छन् ।
मंगलबार पत्रकारहरुसँग कुराकानी गर्दै उनले आम निर्वाचनको मुखमा महाधिवेशन गर्न उपयुक्त नहुने बताए ।
उनले भने, 'विसं २०८४ मा आम निर्वाचन हुनेछ । त्यसको दुई वर्ष पहिले नै महाधिवेशन हुनुपर्ने हो । होइन भने निर्वाचनपछि गराउँदा उत्तम हुन्छ ।'
निर्धारित समयमा अधिवेशन गराउँदा पार्टीभित्रको असन्तुष्टि हराएर जाने भन्दै उनले आम निर्वाचनको मुखमा महाधिवेशन गराउँदा पार्टीभित्रको तिक्तता आम निर्वाचनमा पर्ने बताए । उनले भने, 'कोइराला परिवार एक होइन विचार एक हुनु प¥यो। विचार एक भए हुन्छ ।' महाधिवेशनका लागि आफ्नो स्पष्ट खाका रहेको बताउँदै उनले पार्टीलाई एक ढिक्का बनाउने, पार्टीभित्रको गुट–उपगुट अन्त्य गर्नुपर्ने, भ्रातृ संस्थाहरुलाई दुरुस्त राख्ने र कसैलाई काखापाखा नगर्ने नेतृत्व आवश्यक रहेको बताए । रासस

# विदेशी पर्यटकको संख्या वृद्धि गर्न 'डिजिटल मार्केटिङ' प्रभावकारी बनाइने



**काठमाडौँ ।**
सरकारले विदेशी पर्यटकको सङ्ख्या वृद्धि गर्न अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा 'डिजिटल' बजारीकरणलाई प्रभावकारी बनाउने भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटक आगमन बढाउन तथा नेपालको समग्र पर्यटनलाई दिशानिर्देश गर्ने गरी सरकारले नीतिगत रूपान्तरणको काम गरिरहेको बताए ।

नेपाल पर्यटन बोर्डको २६औँ वार्षिकोत्सवमा अवसरमा काठमाडौँ आयोजित कार्यक्रममा मन्त्री पाण्डेले पर्यटन विकासका लागि सरकारले नयाँ पर्यटन नीति तयार गरिरहेको र यसलाई चाँडै पूर्णता दिने बताए । उनले पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी (पिपिपी) को अवधारणालाई आत्मसात् गर्दै अन्तर्राष्ट्रिय प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन, डिजिटल मार्केटिङलाई जोड दिन निर्देशन दिए ।

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२४ मा ११ लाख ४७ हजार २४ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । डिसेम्बरमा मात्रै ८९ हजार सात सय ६५ पर्यटक आएका छन् । यो आज बिहानसम्मको तथ्याङ्क हो । थप एक दिनको जोडेर यो वर्ष ११ लाख ५० हजार हाराहारीमा विदेशी पर्यटकको सङ्ख्या पुग्ने बोर्डको विश्वास छ । यसअघि सन् २०१९ मा हालसम्मकै बढी ११ लाख ९७ हजार पर्यटक आएका थिए ।

पर्यटनमन्त्री पाण्डेले नेपालको मौलिक पर्यटन उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा व्यापक प्रवर्द्धन गर्न आवश्यक रहेकामा जोड दिए । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त देश भएको बताउँदै उनले यही विविधताका बीच एकता, सहिष्णुता र सद्भावलाई संरक्षण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु आजको आवश्यकता रहेको धारणा राखे ।

पर्यटनराज्यमन्त्री अरुणकुमार चौधरीले पर्यटन उद्योगको विकास र विस्तारबाट नेपालको आर्थिक विकास गर्न सकिने बताउँदै यसका लागि सरोकारवाला सबैको सहकार्य आवश्यक रहेको बताए ।

पर्यटन मन्त्रालयका सचिव डा.गणेशप्रसाद पाण्डले बोर्डले पूर्वाधारको विकाससँगै प्रविधिको व्यापक प्रयोग, पर्यटनका लागि आवश्यक जनशक्ति विकासमा जोड दिनुपर्ने बताए ।

बोर्ड सञ्चालक समितिका सदस्य ऋषि भण्डारीले पर्यटन प्रवर्द्धनको मुख्य जिम्मेवारी बोकेको नेपाल पर्यटन बोर्ड सरोकारवाला सबैलाई साथमा लिएर गतिशील बनाउँदै लैजानुपर्ने खाँचो औँल्याए ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको पर्यटक आगमन विस्तारै लयमा फर्किँदै गएको र नेपालको पर्यटनमा आगामी दिन थप सुनौलो हुने धारणा राखे ।

कोभिडपछि विश्व परिवेशमा ९७ प्रतिशत 'रिकभरी' देखिएको र सन् २०२४ मा नेपालमा ११ लाख ५० हजार हाराहारी पर्यटकले भ्रमण गरेकाले कोभिडपछि नेपालमा ९६ प्रतिशतसम्म रिकभरी देखिएको उनले जानकारी दिए ।

कार्यक्रममा बोर्ड कर्मचारी सङ्गठनका अध्यक्ष कुन्दन मिश्रले संस्थाको आन्तरिक सुदृढीकरणका लागि आवश्यक नीतिगत सुधारका लागि पहल गरिदिन आग्रह गरे । कार्यक्रममा बोर्डले प्रकाशन गरेको वार्षिक मुखपत्र 'इनफोकस'को विमोचन गर्नाका साथै वार्षिकोत्सवका अवसरमा आयोजना गरेका विभिन्न खेलकुद कार्यक्रमका विजेता तथा उपविजेतालाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । रासस

# भन्सार विधेयकमाथि सैद्धान्तिक छलफल



**काठमाडौँ ।**
अर्थ समतिको बैठकमा 'भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०८०' माथि सैद्धान्तिक छलफल भएको छ ।

मंगलबार सिहंदरबारमा बसेको प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिमा अर्थमन्त्री विष्णु पौडेलले र पूर्व अर्थमन्त्रीहरूको उपस्थितिमा भन्सार सम्बन्धी का◌ूननलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०८०' माथि सैद्धान्तिक छलफल गरिएको हो । बैठकमा अर्थमन्त्रालयका राजस्व सचिव दिनेश कुमार घिमिरेले भन्सार प्रकृयालाई पारदर्शी विधेयकलाई डिजिटलाईजेसन गर्ने लगायतका कुराहरू प्रस्तुत विधेयकमा समेटिएको जानकारी दिए । भन्सार प्रकृयालाई प्रकृयामा संलग्नहरूले गर्ने काम समेत उल्लेख गरिएको उनको भनाई छ ।

उनले भने,'भन्सार प्रकृयालाई पारदर्शी बनाउनका लागि अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता व्यक्त ग–यौँ । त्यसको पक्ष भएर हस्ताक्षर ग¥यौँ । पारदर्शी प्रणाली अपनाउनका लागि यसलाई डिजिटलाईजेसन गर्ने लगायतका कुराहरू प्रस्तुत विधेयकमा हामीले राखेको छौँ । साथै यस्लाई अलिकित उत्तरदायी बनाउनका लागि भन्सार प्रकृयामा संलग्नहरूले गर्ने काम के– हुन्छन् भनेर समेत उल्लेख गरिएको छ ।'

पूर्व अर्थमन्त्री प्रकाश शरण महतले भन्सार प्रकृयामा भएका समस्याहरू कसरी न्यून गर्न सकिन्छ भन्ने विषयमा प्राथमिकताकासाथ छलफल गर्नुपर्ने बताए ।

त्यस्तै, उनले भन्सार प्रशासन प्रभावकारी पनि हुने, राजस्व पनि वृद्धि हुने र दुरुपयोग गर्न सक्ने चान्सलाई पनि कम गर्ने गरी काम गर्न आवश्यक रहेको बताए ।

उनले भने,'भन्सार प्रकृयामा के समस्याहरू छन् । ती समस्याहरूलाई कसरी न्यून गर्न सकिन्छ । कसरी चुस्त दुरुस्त बनाउने कसरी अधिकारहरूलाई सिमित गर्न सकिन्छ । छिटो छरितो कसरी गर्न सकिन्छ ? जसको कारणबाट भन्सार प्रशासन प्रभावकारी पनि हुने राजस्व पनि वृद्धि हुने र उनीहरूले दुरुपयोग गर्न सक्ने चान्सलाई पनि कसरी कम गर्ने त्यसमा काम गर्नुपर्छ ।'

उनले अहिलेको अन्तराष्ट्रिय जुन बद्लिदो परिवेश छ त्यही अनुसार विधेयकहरुको परिमार्जन गर्नुपर्ने उनको भनाइ छ ।

त्यस्तै अर्का पूर्वअर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले समतिमा आएका विधेयकहरुमा ढिलाई नगरी डबल सिफ्ट गरेर भए पनि छलफल गराएर अर्थसमितिको सामथ्र्यलाई पनि प्रमाणीत गर्न सुझाव दिए ।

उनले भने,'समितिमा आएका विधेयकहरुमा ढिलाई नगरी डबल सिफ्ट गरेर भएपनि छलफल गराएर अर्थसमितिको सामथ्र्यलाई पनि प्रमाणित गर्दै छिटो भन्दा छिटो रोकिएका विधेयकहरूलाई अर्थसमितिले पारित गरेर आउने संसदमा प्रस्तुत गर्न सकोस् ।' रासस

# वैदेशिक रोजगार बचतपत्र करिब ११ प्रतिशत मात्रै बिक्री

**काठमाडौँ ।**
सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जारी गरेको 'वैदेशिक रोजगार बचतपत्र–२०८६ क' को बिक्री निकै न्यून देखिएको छ ।

गत मंसिर १२ गते जारी भएको ५० करोड रुपैयाँ बराबरको बचतपत्र आइतबार बिक्री बन्द भएको हो । यो बचतपत्र करिब ११ प्रतिशत मात्रै बिक्री भएको कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी मुकुन्द पोखरेलका अनुसार वैदेशिक रोजगार बचतपत्र पाँच करोड ४२ लाख रुपैयाँ बराबरको बिक्री भएको छ ।

कार्यालयले जारी गरेको दुई अर्ब रुपैयाँ बराबरको 'नागरिक बचतपत्र–२०८६ (क) भने शतप्रतिशत बिक्री भएको छ । नागरिक बचतपत्रमा साढे सात र वैदेशिक रोजगार बचतपत्रमा साढे आठ प्रतिशत ब्याज तोकिएको छ । बचतपत्रको ब्याज प्रत्येक ६ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुन्छ ।

यस्ता बचतपत्रको ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा आकर्षक भए पनि यसको महत्त्व र फाइदाबारे धेरै नागरिकलाई जानकारी छैन । लगानीका लागि धेरैले घरजग्गा, सुनचाँदी, पुँजीबजार, र मुद्दती निक्षेपजस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका छन् । जब कि लगानीका यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण 'बचतपत्र' को चर्चा न्यून हुने गरेको छ ।

बचतपत्र लगानीका लागि उत्कृष्ट विकल्प हो । तर, यसको प्रचार–प्रसारको अभाव, प्रक्रियागत जटिलता र दोस्रो बजारको सीमित जानकारीका कारण यो उपकरणप्रति लगानीकर्ता आकर्षित हुन सकेको देखिँदैन । रासस

# पोखरा ओपन टेनिसमा आरव र सुनिरा च्याम्पियन




कास्की ।
पोखरामा आयोजना गरिएको २१ औँ संस्करणको 'माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स' टेनिस प्रतियोगिताको उपाधि आरव सम्राट हाडा र सुनिरा थापाले जितेका छन् ।

कास्की जिल्ला टेनिस संघद्वारा यही पुस ११ गतेदेखि सुरू भएको उक्त प्रतियोगिताको मंगलबार सम्पन्न फाइनलमा पुरूष एकलतर्फ आरव सम्राट हाडाले प्रनव मानन्धरलाई ६–१ र ६–१ अंकले पराजित गरे ।

यसअघि सोमबार सम्पन्न सेमिफाइनलमा नेपालका शीर्ष वरियताका प्रदिप खड्कालाई २–१ सेटमा पराजित गरी आरवले फाइनलमा प्रनवसँगको भेट पक्का गरेका थिए । प्रनवले भने सेमिफाइनलमा निशान श्रेष्ठलाई ६–१ र ६–१ अंकले हराएका थिए ।

यसैगरी महिलातर्फ सुनिराले सलोनीलाई ६–२ र ६–३ अंकले पराजित गरी उपाधि जितिन्। खुलातर्फ च्याम्पियन भएका दुबैले समान रू ८० हजार, ट्रफी र मेडल प्राप्त गरे । उपविजेताले जनही ४० हजार रुपैयाँका साथमा ट्रफी प्राप्त गरे ।

यसैगरी ३५ वर्ष माथिको उमेर समूहमा एकलतर्फ जितेन्द्र परियारले प्रतिद्वन्द्वी सन्तोष खत्रीलाई ६–१ र ६–२ अंकले पराजित गर्दै च्याम्पियन भए । उनले ६० हजार रुपैयाँ र उपविजेता सन्तोषले ३० हजार रुपैयाँका साथमा ट्रफी पाए ।

प्रतियोगितामा ४५ वर्ष माथिको एकलतर्फको फाइनलमा कमल भण्डारी विजेता बने । रोहित सुनुवारलाई ६–० र ६–२ अंकले पराजित गर्दै उनले ४० हजार रुपैयाँ तथा उपविजेता रोहितले २० हजार रुपैयाँसहित ट्रफि प्राप्त गरे ।

यस्तै ५५ वर्ष माथिको फाइनल स्पर्धामा चन्द्र शाही विजयी भए । उनले जीवन घिमिरेलाई ६–२ र ६–२ अंकले हराए । विजेता चन्द्रले ३० हजार रुपैयाँ तथा उपविजेता जीवनले १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको प्रतियोगिताका निर्देशक कुमार अधिकारीले जानकारी दिए ।

विजेता खेलाडीलाई प्रतियोगिताको मुख्य प्रायोजक माछापुच्छ्रे बैंकका संस्थापक तथा केसी ग्रुपका निर्देशक किरण केसी, नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थ, प्रतियोगिताका संयोजक नवीन चालिसे, संघका कोषाध्यक्ष विष्णुबहादुर थापा, सचिव भीष्मराज पौडेललगायतले नगद तथा ट्रफी वितरण गरे । प्रतियोगितामा एक सय ४० खेलाडी सहभागी थिए । रासस

# नेपालमा हवाई यात्रुको संख्या बढ्यो




काठमाडौँ ।
मुलुकका तीन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्यामा वृद्धि भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्क अनुसार सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा आन्तरिकतर्फ १३ प्रतिशत र अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या सात दशमलव नौ प्रतिशतले वृद्धि भएको हो ।

प्राधिकरणको २६ औँ वार्षिकोत्सवको अवसरमा वार्षिक प्रगति विवरण प्रस्तुत गर्दै प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले दिएको जानकारीअनुसार तीन अन्तर्राष्ट्रिय विमानस्थल भएर आन्तरिक उडानतर्फ सन् २०२४ को नोभेम्बरसम्म कूल ८७ लाख ६० हजार तीनसय दुई लाई हवाई यात्रुले यात्रा गरेका छन् । सन् २०२३ को नोभेम्बरसम्म कूल ७७ लाख हवाई यात्रुले यात्रा गरेका थिए ।

त्यसैगरी सन् २०२४ मा अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या सात दशमलव नौ प्रतिशतले वृद्धि भएको छ । नोभेम्बरसम्म अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या कूल ४४ लाख ४९ हजार एकसय ३३ पुगेको हो ।

नेपालमा हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । कूल ५५ वटा विमानस्थलमध्ये ३५ वटा विमानस्थल आन्तरिक हवाई सेवा सञ्जालमा जोडिएका छन् ।

नेपालमा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको सङ्ख्या सन् २०२३ मा २९ रहेकामा हाल २०२४ मा भिस्तारा एयरलाइन्स एयर इण्डियामा मर्ज भएपश्चात् यो सङ्ख्या २८ भएको छ । नेपालबाट १६ देशका २९ वटा अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान भइरहेको छ ।

आन्तरिकतर्फ भने सञ्चालन अनुमति प्राप्त जम्मा २१ वटा वायुसेवामध्ये हाल क्रियाशील वायुसेवा कम्पनीहरूको सङ्ख्या १९ रहेको छ । महानिर्देशक अधिकारीले पूर्वाधार निर्माण र हवाई सुरक्षामा विशेष ध्यान दिएको बताए ।

उनका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्वीकृत गुरूयोजनाबमोजिम विमानस्थलको सीमित क्षेत्रफललाई अधिकतम उपयोग गरी विमानस्थलको क्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिई क्षमता विस्तारका लागि विमानस्थलको उत्तरतर्फ करिब १८ वटासम्म अन्तर्राष्ट्रिय वायुयान बिसान गर्न सकिने वायुयान बिसान क्षेत्र र ट्याक्सी वेको निर्माण कार्य जारी रहेको छ ।

त्रिभुवन विमानस्थलको आन्तरिक तथा अन्तर्राष्ट्रिय टर्मिनल भवनका आवागमन क्षेत्रहरूलगायत विमानस्थलभित्रका विभिन्न स्थानमा अत्याधुनिक विद्युतीय उपकरणहरू सञ्चालनमा ल्याइएको छ ।

विमानस्थलको रनवे २ तर्फको तीन सय १५ मिटर लम्बाइमा एप्रोच बोर्ड तथा फायर एक्जिट निर्माण सम्पन्न भएको साथै ल्याण्डसाइड क्षेत्रमा करिब एक हजार चार सय वर्गमिटर क्षेत्रफलमा पार्किङ क्षेत्र विस्तार गरिएको छ ।

त्रिभुवन विमानस्थलमा यसै वर्ष कात्तिक २३ गतेदेखि विमानस्थलको रात्रिकालीन अपरेशन आवर कम गरी निर्माण कार्यसमेत सुरू भएको छ ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना आइकाओ कोड ४ एफअन्तर्गत पूर्ण क्षमताको वैकल्पिक अन्तर्राष्ट्रियस्तरको विमानस्थलको गुरूयोजनासँगै फेज–१ को निर्माणका लागि डिटेल इन्जिनियरिङ डिजाइन कार्य सम्पन्न भइसकेको प्राधिकरणले जनाएको छ । रासस

# भारतद्वारा 'स्प्याडेक्स मिशन' शुरु

**नयाँदिल्ली ।**
भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) ले आफ्नो 'स्पेस डकिङ प्रयोग मिशन' (स्प्याडेक्स) सफलतापूर्वक प्रक्षेपण गरेको छ । स्पेस डकिङ भनेको जब दुई स्पेसक्राफ्ट अन्तरिक्षमा एकअर्कासँग जोडिन्छन् ।

उक्त मिशन अन्तर्गत ध्रुवीय स्याटेलाइट प्रक्षेपण वाहन (पिएसएलभी–सी ६०) दुई उपग्रह, एसडीएक्स ०१ (चेजर) तथा एसडीएक्स ०२ (लक्ष्य) सोमबार बङ्गालको खाडीको तटमा रहेको श्रीहरिकोटाको प्रक्षेपण गरिएको हो ।

'पिएसएलभी–सी६० ले स्प्याडेक्स र २४ पेलोडहरू सफलतापूर्वक प्रक्षेपण गर्यो,' इसरोले सामाजिक सञ्जालमा उल्लेख गर्यो ।

स्प्याडेक्स मिशनमा पिएसएलभी–सी ६० द्वारा प्रक्षेपण गरिएको दुई साना अन्तरिक्ष यानहरू समावेश छन् ।

दुवै अन्तरिक्ष यानलाई अब आगामी १० दिनमा, सम्भवतः जनवरी ७ मा स्पेस डकिङ हासिल गर्न निर्देशन दिइनेछ ।

इसरोका अनुसार स्प्याडेक्स भविष्यमा मानव अन्तरिक्ष उडान तथा उपग्रह सेवा मिसनहरूको लागि एक महत्वपूर्ण प्रविधि हो । रासस

# ‘ग्लोबल ग्याग’ नीतिः नेपालमा परिवार स्वास्थ्य सेवा र सुरक्षित गर्भपतन सेवा अन्योलमा

**विष्णु नेपाल**

**काठमाडौँ ।**

अमेरिकी विश्व स्वास्थ्य सहायतामा लागू हुने ‘ग्लोबल ग्याग’ नीति अब कसरी अगाडि बढ्ला ? नेपालमा निजी स्वास्थ्य सेवा र सुरक्षित गर्भपतन सेवामा कस्तो असर पर्ला भन्ने अन्योल अमेरिकी राष्ट्रपति पदमा डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालका लागि नेतृत्व सम्हाल्दै गर्दा ट्रम्पले आफ्नो पहिलो कार्यकालमै कडा रूपमा अवलम्बन एवं विस्तार गर्नुभएको मेक्सिको सिटी पोलिसी अर्थात् ‘ग्लोबल ग्याग’ नीति नै लागू गर्नुहुन्छ ? पुनरावलोकन हुन्छ अथवा आफ्नो चुनावीसभामा गर्भपतनका बारेमा व्यक्त गर्नुभएका भनाइ कार्यान्वयन हुन्छ ? यो प्रश्न नेपालका लागि चासो र प्रतिक्षाको विषय बनेको छ ।

‘ग्लोबल ग्याग’ नीतिले अमेरिकी विश्व स्वास्थ्य सहायता जारी राख्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई संस्थाको निजीस्रोत वा गैर अमेरिकी सहायताबाट सुरक्षित गर्भपतन सेवा, गर्भपतनसम्बन्धी जानकारी, प्रेषण वा सुरक्षित गर्भपतन सेवाको वैधानिकीकरण र उदारीकरण गर्न गरिने वकालतलाई निषेधित गरेको छ । यही निषेधका कारण अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसआइडी) मार्फत नेपालजस्तो देशमा आउने सहयोगमा असर पुग्ने देखिन्छ । सो नीतिले प्रजनन् स्वास्थ्य परिवार नियोजन सम्बन्धित सेवा र कार्यक्रमलाई मात्र नभएर सुरक्षित मातृत्व र बाल स्वास्थ्य, एचआइभी÷एड्सको रोकथाम र उपचारका साथसाथै अन्य कार्यक्रमलाई प्रभावित पार्ने जनाइएको छ । तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन सरकारले सन् १९८४ मा अवलम्बन गरेको ‘ग्लोबल ग्याग’ नीतिले विगतमा पनि नेपालको स्वास्थ्य क्षेत्रमा गम्भीर असर पु¥याएको थियो । स्वास्थ्य अर्थशास्त्रीका अनुसार अब पनि असर देखिन सक्ने सरोकार भएकाहरूको भनाइ छ । नेपालको स्वास्थ्य सेवालाई सुदृढ गर्न आर्थिक एवं अन्य सहयोग गर्ने विभिन्न दातृ निकायमध्ये युएसआइडी पहिलो नम्बरमा छ । वातावरण स्वास्थ्य र जनसंख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) का सहनिर्देशक डा महेश पुरीले ‘ग्लोबल ग्याग’ नीतिले विशेष गरेर यौन तथा प्रजनन स्वास्थ्यअन्तर्गत परिवार नियोजनको सेवा सुदृढीकरण तथा सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई विशेष प्रभाव पार्ने जानकारी दिए । उनले भने, ‘ट्रम्प सरकारको पहिलो कार्यकालमा ‘ग्लोबल ग्याग’ नीतिका कारण नेपालको स्वास्थ्य क्षेत्रमा असर परेको थियो । खासगरी प्रजनन स्वास्थ्यसित सम्बन्धित परिवार नियोजन एवं सुरक्षित गर्भपतन सेवाका केही कार्यक्रम बन्द भएका थिए ।’

ग्रामीण तथा विपन्न सङ्कटासन्न समुदायमा लक्षित त्यस्ता कार्यक्रम बन्द भएपछि महिला परिवार नियोजन एवं सुरक्षित गर्भपतनसँग सम्बन्धित सेवा लिनबाट बञ्चित भएका पुरीको भनाइ छ । यसबाट विशेष गरेर यौन तथा प्रजनन स्वास्थ्यअन्तर्गत सुरक्षित गर्भपतन सेवासहित पैरवी गरिरहेका ‘मेरी स्टोप्स’ इन्टरनेशनल (एमएसआई) र नेपाल परिवार नियोजन सङ्घ सङ्कटमा परेका उनले बताए । ती निकायले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग मिलेर दुर्गम जिल्लाका ग्रामीण क्षेत्रमा सञ्चालन गरिरहेका केही कार्यक्रम बन्द गर्न बाध्य भएका थिए ।

**‘जीवन बचाउने कार्यक्रमलाई असर पर्ने छैन’**

स्वास्थ्य मन्त्रालय, परिवार कल्याण महाशाखा परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा प्रमुख शर्मिला दाहाल पौडेलले संविधान प्रदत्त मौलिक अधिकार रूपमा रहेको प्रजनन तथा सुरक्षित मातृत्व अधिकारलाई कार्यान्वयन गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताए । उनले भने, ‘पछिल्ला वर्षमा नेपालमा प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्व क्षेत्रमा उल्लेखनीय सुधार हुँदै गएका छन् । अकालमा आमा र नवजात शिशुको मृत्यु हुनेक्रम रोकिँदै छन् । यस्ता महत्वपूर्ण जीवन बचाउनेसितसम्बन्धी कार्यक्रमलाई असर पर्न दिने पक्षमा सरकार छैन ।’



एमएसआई नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्यायले ‘ग्लोबल ग्याग’ नीतिका कारण नेपालमा विशेष गरेर प्रजनन स्वास्थ्य, परिवार नियोजन, सुरक्षित गर्भपतन सेवासित कार्यक्रमलाई प्रभाव पर्न जानसक्ने बताए । उनले भने, ‘सुरक्षित गर्भपतन सेवा, परिवार कल्याण, प्रजनन स्वास्थ्य पाउने संविधान प्रदत्त अधिकारबाट सीमान्तकृत र सङ्कटासन्न समुदाय बञ्चित हुन सक्दछन् । सेवा विमुख हुँदा ती वर्गहरू जोखिममा पर्न सक्दछन् । यसका लागि सरकार अन्य सम्बन्धित पक्षले समयमै ध्यान दिनुपर्छ । पूर्व तयारी गर्नुपर्छ ।’ क्यालिफोर्निया विश्वविद्यालयले हालै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनका अनुसार नेपालमा सन् २००२ मा गर्भपतनलाई कानुनी मान्यता दिए पनि गर्भपतनका लागि कानुनी सेवा पाउन योग्य धेरै महिला (विशेष गरेर गरिब, सीमान्तकृत, सङ्कटासन्न, दुर्गम क्षेत्र) गर्भपतन सेवाबाट बञ्चित रहेका छन् ।

नेपाल परिवार नियोजन सङ्घका कार्यकारी निर्देशक डा प्रवीण शाक्यले विगतमा ‘ग्लोबल ग्याग’ नीतिका कारण सङ्घद्वारा सञ्चालित यौन तथा प्रजनन स्वास्थ्य सेवासँगसम्बन्धी कार्यक्रम तथा क्लिनिकल सेवा सञ्चालनमा समस्या आएको भए पनि अब ‘ग्लोबल ग्याग’ नीतिका कारण सङ्घद्वारा प्रदान भइराखेका सेवा तथा कार्यक्रम बन्द हुन नदिने बताउँदै प्रजनन स्वास्थ्यको अधिकारलाई सुदृढ गर्दै सुरक्षित गर्भपतन सेवालाई अझ व्यापक बनाउँदै लैजाने उल्लेख गरे ।

उनले भने, ‘सुरक्षित गर्भपतन सेवाका लागि सङ्घले विगतमा निर्वाह गरेको योगदान तथा पैरवीका कारण यसले कानुनी मान्यता पाएको हो । नेपाल परिवार नियोजन सङ्घ, नेपाल सरकार, विभिन्न दातृ निकायसँग अझ बलियो साझेदारी गर्दै सुरक्षित गर्भपतन सेवा पाउने महिलाको मौलिक अधिकारलाई अझ सुदृढ बनाउँदै उनीहरुको जीवन सुरक्षित बनाउन चाहन्छ ।’

**अझै प्रभावकारी कार्यान्वयनमा आएनन् कानुन**

सुरक्षित गर्भपतन सेवालाई संविधान एवम् कानुनले स्पष्ट गरेको महिलाको स्वास्थ्य अधिकारका रूपमा व्याख्या गरे पनि सो सेवालाई अझै प्रभावकारी बनाउन सकिएको छैन । सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय तहलाई दिएको छ । तर अझै पनि अधिकांश स्थानीय तहले सो सेवा प्रदान गर्न सकिरहेका छैनन् । महिला विकास तथा कानुन मञ्च आबद्ध अधिवक्ता सविन श्रेष्ठले ऐन, नियमावली कार्यान्वयन पक्ष फितलो भएका कारण समस्या भएको जानकारी दिए ।

उनका अनुसार सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाउन सहयोग पुग्नेगरी प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन ल्याउने मुलुकमा नेपालसहित फिलिपिन्स, युगान्डालगायत मुलुक मात्रै छन् । स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाका अनुसार नेपालमा गत आर्थिक वर्ष मुलुकभर ९५ हजारभन्दा बढी महिलाले गर्भपतन सेवा लिएका छन् । तीमध्ये ५७ प्रतिशत महिलाले असुरक्षित गर्भपतन गराउने गरेको तथ्याङ्क छ । महाशाखाले सुरक्षित गर्भपतनाई कानुनी मान्यता दिएपछि असुरक्षित रूपमा गरिने गर्भपतनमा केही कमी आएको जनाएको छ ।

**सेवा छ, जानकारी छैन**

नेपालमा सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिएको करिब २२ वर्ष पूरा भएको छ । लामो बहस एवम् पैरवीका कारण विसं २०५७ मा यसले वैधानिकता प्राप्त गरेको थियो । अर्कोतर्फ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घरदैलोमा सुरक्षित गर्भपतन सेवा सुरुआत गरे पनि यसका बारेमा सेवाग्राहीलाई जानकारी छैन । सोही कारण अनाधिकृत रूपमा औषधिको गरी गर्भपतन गराउने क्रम अझै रोकिएको छैन । दक्ष स्वास्थ्यकर्मीको सल्लाहविना सेवन गर्ने अनाधिकृत औषधिले महिलाको ज्यानसमेत जोखिममा पर्दै गएको छ भने कतिपयको अकालमा मृत्यु भएको जनाइएको छ ।



सुनौलो परिवार नेपालका प्रबन्धक कुमार आचार्यले भने, ‘दक्ष स्वास्थ्यकर्मी नभएका अनाधिकृत क्लिनिकहरुले प्रदान गरेका सेवा असुरक्षित हुने भएकाले त्यस्ता क्लिनिकहरूको निरीक्षण प्रभावकारी बनाउनु जरुरी छ । सुरक्षित गर्भपतन सेवामा पहुँच वृद्धि गर्न असुरक्षित गर्भपतनलाई निरुत्साहन गर्न आवश्यक छ ।’ यसका लागि संस्थाले स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा तालिम एवम् ११४३ हटलाइन टेलिफोन सेवा सञ्चालन गरिराखेको सुनौलो परिवारले जनाएको छ । परिवार व्यवस्थापन र सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी दिन सो हटलाइन सेवा अत्यन्त प्रभावकारी रहेको सुनौलो परिवारका प्रबन्धक आचार्यले उल्लेख गरे ।

सुनौलो परिवार नेपालले सन् २०२३ मा विभिन्न सहरमा रहेका आफ्ना क्लिनिकमार्फत २२ हजारभन्दा बढीलाई सुरक्षित गर्भपतन सेवा प्रदान गरेको थियो । नेपालमा बर्सेनि कति महिलालाई सुरक्षित गर्भपतनको सेवा आवश्यक पर्छ र कति सेवाग्राहीले औषधि पसलका औषधिबाट गर्भपतन गराउँछन् भन्ने यकीन तथ्याङ्क सरकारी निकायसँग छैन । स्थानीय, प्रदेश तथा सङ्घीय अस्पतालसहित निजी क्षेत्रका सूचीकृत स्वास्थ्य संस्था एवम् ‘घरमा नै सुरक्षित गर्भपतन सेवा पाइन्छ’ भन्ने जानकारीका अभावमा पनि सेवाग्राही अझै औषधि पसलमा निर्भर पर्ने गरेका जनाइएको छ ।

सरकारले असुरक्षित गर्भपतनलाई अन्त्य गर्न ‘महिला स्वास्थ्य स्वयंसेविका’ परिचालन गरेको भनिए पनि यसको खासै प्रभावकारी कार्यान्वयन भएको देखिदैन । नेपाल परिवार नियोजन सङ्घ, उपत्यका शाखाका व्यवस्थापक शरद् अर्यालले भने, ‘गर्भपतन सेवा आवश्यक पर्नेलाई खोजी गरी आफ्नो क्लिनिकमार्फत सेवा प्रदान गरिराखेको छौँ । सुरक्षित गर्भपतन सेवाअन्तर्गत क्लिनिक र औषधि सेवनमार्फत दुवै सेवा प्रदान गरिरहेका छौँ ।’

आवश्यक सूचना तथा जानकारीका अभावमा सुरक्षित गर्भपतन तथा परिवार व्यवस्थापन घरदैलो सेवा प्रभावकारी हुन सकेको छैन । सरकारले विविध कारणले स्वास्थ्य सस्थामा पुग्न नसक्ने एवं पहुँच नपुग्ने विपन्न, अपाङ्गता भएका र सीमान्तकृत समुदायलाई घरमा सुरक्षित गर्भपतन सेवा तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का सेवा प्रदान गर्न सुरुआत गरेको थियो । विशेषगरी कोरोना महामारीमा प्रजनन, मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवालाई निरन्तरता दिने विसं २०७७ वैशाखदेखि घरदैलो सेवा थालनी गरिएको थियो । यसबाट परिवार नियोजनका साधनमा पहुँच अभिवृद्धि हुने र सुरक्षित गर्भपतन सेवासमेत निरन्तरता जारी रहने अपेक्षा लिइएको थियो ।

स्वास्थ्य मन्त्रालयले घरदैलो सेवालाई सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ मा समावेश गरेको छ । मन्त्रालयले ‘कोभिड–१९ महामारी प्रजनन्, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको अन्तरिम निर्देशिका २०७७’ जारी गर्दै ती क्षेत्रमा टेलिफोन परामर्श तथा घरदैलो सेवा सञ्चालन गरेको थियो । अहिलेसम्म कतिले घरदैलो सेवा पाए भन्ने आधिकारिक तथ्याङ्क छैन । कोरोना महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार परिवार नियोजन सेवा उपभोग गरी कम्तीमा दुई वर्षको गर्भान्तर गरेमा खण्डमा १० प्रतिशत शिशु र ३० प्रतिशत मातृमृत्युदर घट्ने छ । मातृ तथा बालमृत्युदरमा कमी ल्याउन परिवार नियोजनका सेवामा पहुँच विस्तार अनिवार्य मानिन्छ ।

नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१६–२०२१) ले मातृ मृत्युदरप्रति एक लाख जीवित जन्ममा एक सय २५ मा झार्ने अति महत्वाकाङ्क्षी लक्ष्य राखेको थियो । यसैगरी दीगो विकास लक्ष्यले सन् २०३० सम्म नेपालमा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरप्रति एक हजार जीवित जन्ममा क्रमशः १२ र २० मा झार्ने लक्ष्य राखेको छ । यी लक्ष्य हासिल लगभग असम्भव देखिएको छ ।

**स्वास्थ्यकर्मीद्वारा सुरक्षित गर्भपतन सेवा**

निर्देशिकाले पहिलो पटक तालिम प्राप्त स्वास्थ्यकर्मीलाई सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वीकृति प्रदान गरेको थियो । विसं २०७३ देखि सूचीकृत सरकारी स्वास्थ्य संस्थामा मात्र औषधि र क्लिनिकल माध्यमबाट सुरक्षित गर्भपतन सेवा निःशुल्क प्रदान गरिँदै आइएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, नियमावली २०७७ का प्रावधानअनुरुप स्वास्थ्यकर्मीलाई सो अधिकार प्रदान गरिएको हो । सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले तीनै तहका सरकारलाई ती ऐन, नियमावली तथा निर्देशिका कार्यान्वयमा थप सहजीकरण गरिदिएको छ । आवश्यक जनशक्तिको अभाव देखाउँदै स्थानीय पालिकाहरुले निर्देशिकालाई प्रभावकारी कार्यान्वयन गर्न सकिरहेका छैनन् ।

सुरक्षित गर्भपतन सेवाका लागि एक हजार पाँच सयभन्दा बढी स्वास्थ्य सस्था सूचीकृत भएका छन् भने चार हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिम प्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ । ‘मिफेप्रिस्टोन’ र ‘मिसोप्रोस्टोल’ नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ । यो दश हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ । तालिम तथा अनुमति प्राप्त नर्सले सुरक्षित गर्भपतनका लागि घरमा पुगेर सो सेवा दिन समेत सुरुआत गरेका छन् । ग्रामीण क्षेत्रमा यो सेवा अतिप्रभावकारी रहेको स्वास्थ्य मन्त्रालयको दाबी छ ।

यसैगरी १२ हप्तासम्मको गर्भपतनलाई ‘म्यानुअल भ्याकुम एस्पिरेशन (एमभिए)’ विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ । १३ देखि १८ हप्तासम्म गर्भलाई ‘कम्प्रिहेन्सिब इमरजेन्सि अब्सटेटिक नियोनेटल कियर’ सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेशन एण्ड इभ्याकुएशन (डिएण्ड) गरिन्छ । एमएसआइका वरिष्ठ सल्लाहकार केपी उपाध्यायले औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी बनाउन सेवाग्राहीलाई राम्ररी परामर्श दिनु जरुरी रहेको बताउँदै सेवापश्चात् कुनै जटिलता भएमा तुरुन्त आवश्यक सेवा प्रदान गर्ने व्यवस्था हुनुपर्नेमा जोड दिए ।

उनले भने, ‘महामारीका समयमा पनि गर्भपतन सेवा लिन चाहनेका लागि हामीले घरदैलो सेवा प्रदान गरेका थियौँ । विशेष गरी मेरीस्टोप्सले एमए विधिबाट छ सयभन्दा बढीलाई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराएको छ । अगामी दिनमा यसलाई सरकारले निरन्तरता दिनु आवश्यक छ ।’ महाशाखाका अनुसार गत आर्थिक वर्षमा सुरक्षित गर्भपतनको सेवा लिनेको संख्या ९५ हजार चार सय ९२ रहेकामध्ये २० वर्ष मुनिका संख्या आठ हजार दुई सय २३ रहको थियो । तीमध्ये सबैभन्दा बढी औषधि विधि बढी भएको जनाइएको छ । विसं २०७६ चैत ११ गतेदेखि विसं २०७७ साउन ६ सम्मका लकडाउनमा मात्र एक सय ३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए । महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखिएको थियो । कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न केही अप्ठ्यारो भएको हो । पछिल्लो दिनमा सेवा सुरु भएको छ । सेवाका बारेमा अझै जानकारी छैन । सेवा लिनसमेत अझै हिचकिचाउने प्रवृत्ति छ । सुरक्षित गर्भपतन सेवा परिवार नियोजनको साधन होइन भन्ने कुरालाई समुदायमा बुझाउन जरुरी छ ।

जन्मदर घट्नु र असुरक्षित गर्भपतन बढ्नु चिन्ताको विषय मानिन्छ । कृपाका सहनिर्देशक डा पुरीले भने, ‘महामारीका समयमा परिवार नियोजनका साधनमा पहुँच र उपलब्धता नहुँदा, समयमा सुरक्षित गर्भपतन सेवा नपाउँदा अनिच्छिक गर्भधारण बढेको र सुरक्षित गर्भपतन भने घट्न गएको हो । यसोगर्दा यौन तथा प्रजनन स्वास्थ्य सेवाका सूचकलाई असर पार्छ ।’

कृपाको एक अध्ययनअनुसार नेपालमा वार्षिक रूपमा तीन लाख २३ हजार गर्भपतन हुन्छ । तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचीकृत संस्थामार्फत हुन्छन् । अर्कोतर्फ परिवार नियोजन सेवाको विस्तार अपेक्षाअनुसार हुन सकेको छैन । हाल आधुनिक परिवार नियोजन सेवाको प्रयोग दर ४२.८ प्रतिशत छ । अझै पनि प्रजनन उमेरका २३.७ प्रतिशत महिलाले परिवार नियोजन सेवा प्रयोग गर्न चाहेर पनि सेवा प्राप्त गर्न सकेका छैनन् ।

गर्भनिरोधकका अस्थायी आधुनिक साधनको प्रयोगदर बढ्न नसक्नु (स्थिर रहनु), परम्परागत विधिका प्रयोगकर्ता उल्लेख्य रूपमा बढ्नु, असन्तुलित दरमा प्रजननदर घट्नु र परिवार नियोजनका साधन चाहेर पनि पाउन नसक्ने दर (अनमेट निड) घट्नुले समस्या देखिएको छ गर्भनिरोधकमा आधुनिक साधन, मातृत्व र नवजात शिशु स्याहारमा लगानी बढाउन आवश्यक छ ।

नेपालमा करिब ६४ प्रतिशत महिलाले मात्र विश्वस्वास्थ्य सङ्गठनले सिफारिस गरेअनुसारका कम्तीमा चारपटक गर्भ परीक्षण, ६१ प्रतिशतले तालिम प्राप्त स्वास्थ्यकर्मीको सहायताले सुत्केरी हुने गर्दछन् । परिवार नियोजनसम्बन्धी एक अध्ययनका अनुसार नेपालका ५० प्रतिशतभन्दा कम स्वास्थ्य संस्थाले मात्र परिवार नियोजनका ती सेवा दिन सक्दछन् । पछिल्लो जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार नेपालमा १५ देखि ४९ वर्षका विवाहित महिलाले परिवार नियोजनका साधन प्रयोग गर्दछन् ।

साधन प्रयोग गर्ने ५३ प्रतिशत महिलामध्ये ४३ प्रतिशतले आधुनिक साधन तथा सेवाको प्रयोग गर्छन् भने १० प्रतिशतले परम्परागत विधि अपनाउने गर्छन् । नेपालमा सबैभन्दा बढी महिलाले बन्ध्याकरण गर्ने गर्दछन् । यस्तो महिलाको संख्याको १५ र पुरुषको सख्यां छ प्रतिशतभन्दा माथि उक्लिन सकेको छैन । परिवार नियोजनको आधुनिक साधन प्रयोग गर्नेमा शिक्षितभन्दा अशिक्षित महिला बढी रहेका उजागर सर्वेक्षणले गरेको थियो । कुनै शिक्षा हासिल नगरेका ५२ प्रतिशत महिलाले आधुनिक साधन र सेवा प्रयोग गर्ने तथा माध्यामिक शिक्षा वा सोभन्दा बढी हासिल गरेका ३४ प्रतिशत महिला मात्रै आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्ने गरेका छन् । विवाहित महिलामा परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदरमा उल्लेखनीय सुधार आएको देखिँदैन । सन् १९९६ मा प्रयोगदर २९ प्रतिशत रहेकामा हाल ५३ प्रतिशत मात्र पुगेको छ । सहनिर्देशक डा पुरीले भने, ‘आधुनिक परिवार नियोजनको साधनको प्रयोगदर बढाउनु र सुरक्षित गर्भपतनको पहुँच पुऱ्याउनु जरुरी छ । समुदायमा परिवार नियोजनका साधन र सुरक्षित गर्भपतनका बारेमा सचेतना फैलाउनु आवश्यक छ ।’ रासस

# जनकपुरधाम क्षेत्रमा मासु र मदिरा बिक्री वितरण गर्नेलाई कारवाही गर्ने चेतावनी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधामको परिक्रमा सडकभित्र मासु र मदिराको उत्पादन, बिक्री र उपभोग निषेधसम्बन्धी प्रावधान पालना नगर्नेलाई कारवाही गर्ने चेतावनी दिएका छन् । मुख्यमन्त्री सिंहले मंगलबार जनकपुरधाममा सञ्चारकर्मीहरूसँगको भेटमा जनकपुरधामको धार्मिक, सांस्कृतिक परम्परा र गरिमालाई अक्षुण्ण राख्न मासु तथा मदिराको उत्पादन, बिक्री र उपभोग नगर्न जनकपुरवासीलाई आह्वान गरे । जनकपुरधामवासीलाई परिक्रमा सडकभित्र निषेधित व्यवहार नगर्न अनुरोध गर्दै मुख्यमन्त्रीले मासु मदिरा निषेधसम्बन्धी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न सम्बद्ध निकायलाई अनुरोध गरे । नियम पालना नगरे कारबाहीको दायरामा ल्याउनुपर्नेमा पनि उनले जोड दिए ।

# चिकित्सकमाथि दुर्व्यवहार गर्ने छ जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सागढी नगरपालिका–३ झबराहास्थित इन्दु रिसोर्टमा तिलगङ्गा आँखा प्रतिष्ठानका चिकित्सकमाथि भएको दुव्र्यवहारमा संलग्न छ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

आँखा शिविरका लागि तिलगङ्गा आँखा अस्पतालको चिकित्सक टोली तीन दिनदेखि सो रिसोर्टमा बसेको थियो । शनिबार राति वीरगंजबाट आएका युवाहरूले सो रिसोर्टमा चर्को स्वरमा साङ्गीतिक कार्यक्रम सञ्चालन गरेपछि चिकित्सकहरूलाई सुत्न कठिन भएको थियो । चिकित्सकहरूले आवाज कम गर्न आग्रह गर्दा ती युवाहरूले मदिरा सेवन गरेका अवस्थामा गालीगलौज र कुटपिट गरेको पर्सा प्रहरीले जनाएको छ । कुटपिटका कारण सिङ्गापुर निवासी ३५ वर्षीय विदेशी चिकित्सक वाङ स्टिनको खुट्टामा सामान्य चोट लागेको छ भने ३६ वर्षीय नेपाली चिकित्सक नवीन सापकोटाको आँखा र गालामा चोट लागेको छ ।

घटनामा संलग्न वीरगंज महानगरपालिका–१० का २४ वर्षीय अभिषेक गुप्ता, २७ वर्षीय सार्थक सर्राफ, २४ वर्षीय रोहित साह, २७ वर्षीय विजय रञ्जन, २९ वर्षीय सुमन श्रीवास्तव र २४ वर्षीय विधान कर्णलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका व्यक्तिहरूमाथि अदालतबाट पाँच दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जानकारी दिएको छ । पर्सागढीमा सञ्चालित आँखा शिविरको व्यवस्थापनमा खलल पु¥याउने यो घटनाप्रति स्थानीय प्रशासनले कडा ध्यान दिएको र दोषीमाथि कानूनबमोजिम कारबाही हुने जनाइएको छ ।

# परीक्षामा असफल भएपछि विष सेवन, एकको मृत्यु

बर्दिवास वडा नम्बर ११ स्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयका तीन छात्राले एकसाथ विष सेवन गरेका एकजनाको मृत्यु भएको छ । विषसेवनबाट गम्भीर दुई जनाको उपचार चलिरहेको छ । विष सेवनबाट सिरहा, धनगढी नगरपालिका वडा नम्बर १० की १७ वर्षीया रिंकु शर्माको मृत्यु भएको हो । बर्दिबास इलाका प्रहरीले रिंकुलाई मंगलबार दिउँसो पौने १२ बजे जंगल क्षेत्रबाट अचेत अवस्थामा उद्धार गरेर बर्दिबास अस्पताल पुर्‍याएको थियो ।

अस्पतालका डाक्टर रोशन अधिकारीले रिंकुलाई मृत घोषणा गरेका हुन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक सन्तु जयसवारका अनुसार, रिंकुसँगै विष सेवन गरेका उषा पण्डित र सन्जु यादवको बर्दिबासस्थित शुभ स्वस्तिक अस्पतालमा उपचार भइरहेको छ। दुवैको अवस्था सामान्य रहेको बताइएको छ । विष सेवन गरेका तीनैजना ज्योमेट्री (अमिन) विषयको पहिलो वर्षका विद्यार्थी हुन् । परीक्षा बिग्रेपछि उनीहरु यस्तो निर्णयमा पुगेको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

# विश्व हिन्दू महासंघ भारतको अध्यक्षमा सुरेन्द्रनाथ



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम**
अन्तर्राष्ट्रिय विश्व हिन्दू महासंघ भारतको अध्यक्षमा महन्त सुरेन्द्रनाथ अवधूत महाराज सर्वसम्मतिले नियुक्त भएको घोषणा विश्व हिन्दू महासंघकी अध्यक्ष स्मिता भण्डारीले गरेकी छन् ।

महन्त सुरेन्द्रनाथ अवधूत महाराजले भारतमा हिन्दूहरुलाई एकताबद्ध गराउन महत्वपूर्ण भूमिका खेल्ने बताए ।

धर्म परिवर्तन, भारतमा लव जिहाद र बंगलादेशमा हिन्दूमाथि हुने अत्याचार रोक्न सम्पूर्ण हिन्दूलाई जगाउने काम गर्छ । विश्व हिन्दू महासभा भारतको अध्यक्षमा महन्त सुरेन्द्रनाथ अवधूतलाई नियुक्त भरे पछि र विश्व हिन्दू महासंघ नेपालका पूर्वउपाध्यक्ष राम भूषण बाबा, मटिहानी का उत्तराधिकारी मान महंत डॉ.रवीन्द्र दास वैष्णव, असर्फी झा लगायत धेरैले बधाई दिएका छन् ।

# धानबाली आगलागी प्रकरणको दोषीलाई कारवाहीको माग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको जगरनाथपुरमा धानबालीमा लगाइएको आगलगी प्रकरणको दोषीलाई कारबाहीको माग गरिएको छ ।

जनता समाजवादी पार्टी(जसपा) नेपाल पर्साले घटना भएको १० दिन बितिसक्दा पनि कुनै कारबाही नभएपछि मंगलबार जुलुससहितको प्रदर्शन गरेको छ ।

जिल्ला अध्यक्ष रामनरेश यादवको नेतृत्वमा निकालिएको जिल्ला प्रशासन कार्यालय पर्सामा गएर कारबाहीको माग गर्दै ज्ञापनपत्रसमेत बुझाएको छ । ज्ञापनपत्रमार्फत जसपा नेपालले दोषीलाई चाँडो भन्दा चाँडो कानुनी दायरामा ल्याउन माग गरेको छ । घटनाको छानविन गरी दोषीलाई कानुनी दायराम नल्याइए आफ्नो पार्टीले थप आन्दोलनका कार्यक्रमहरुसमेत गर्ने यादवले चेतावनी दिए ।



ज्ञापनपत्र बुझ्दै पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले छिट्टै घटनाको दोषीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाए । गत पुस ६ गते जगरनाथपुर गाउँपालिका निवासी हरेन्द्र यादवको धानबालीमा आगो लगाइएको थियो । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको कार्यक्रम आफ्नो जग्गामा गर्न दिएको भन्दै अशोक राई नेतृत्वको जसपाले आगो लगाइदिएको पीडित पक्षहरुको आरोप छ ।

यादवको साढे तीन विघाको २ सय क्वीन्टल भन्दा बढी धानबालीमा आगो लगाइएको बताइन्छ । धान लगाइएको खेतपमा कार्यक्रम गर्न दिइएको भन्दै मन्त्री प्रदीप यादवको समर्थकहरुले आगो लगाइदिएको पीडितको आरोप छ । यद्यपी, मन्त्रीका पक्षधरहरुले भने मन्त्रीमाथि लगाइएको आरोप निराधार रहेको बताइरहेका छन् ।

# अमिनलाई कुटपिट गर्ने लेखापढी व्यवसायीलाई छोडियो



**मधेशदृष्टि**
**वीरगंज ।**
नापी कार्यालय पर्सामा एकजना अमिनमाथि कुटपिटगर्ने लेखापढी व्यवसायी ओमप्रकाश यादवलाई वडा अध्यक्षको रोहबरमा छोडिएको छ । नापी कार्यालय पर्साको फाट नं. ३ का अमिन धिरेन्द्र जयसवाललाई शुभलाभ लेखापढी च्याम्बरका ओमप्रकाश यादवलाई वडा नम्बर २६ का वडा अध्यक्ष शम्भु मिश्रको रोहबरमा जोडिएको हो ।

मंगलवार १ बजेको समयमा कार्यालयमा काम गरिरहेको अवस्थामा ओप्रकाश यादवले उनले कठालो समातेर जयसवाललाई कुटपिट गरेको प्रत्यक्षदर्शीहरुले बताएका छन् । वीरगंज–१६ नगवाको मदनप्रसाद गुप्ताको एउटा जग्गाको नापजाँच गर्ने क्रममा लेखनदास र कर्मचारीबीच विवाद भएको थियो । शुभलाभ लेखापढी च्याम्बरमा कार्यरत ओमप्रकाश यादवले भने सामान्य विवाद मात्रै भएको बताए । उनले मालपोतमा अमिनहरूको ज्यादती बढेको र पैसा नलिई सेवाग्राहीको कामै नगर्ने गरेको आरोप लगाए । उनले जग्गा नापजाँच गर्नका लागि आलटाल गरिरहेकोले सामान्य विवाद भई झगडा भएको प्रतिक्रिया दिए । घटनाबारे नापी कार्यालय पर्साका कार्यालय प्रमुख राकेशकुमार झाले घटना निन्दनीय भएको बताए । घटनाबारे पर्साका प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएको उनले बताए । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश आर्यालले भने आफूले जानकारी पाएपछि नापी कार्यालयमा भएको विवादको विषयमा गम्भीर हुन निर्देशन दिएको बताए । घटनाको विषयमा दुवैपक्षले गल्ती स्वीकार्दै भोली बसेर टुंगो लगाउने दुवैपक्ष सहमत भएको नापी कार्यालयका सूचना अधिकारी अशोक श्रेष्ठले बताए ।

# फास्ट ट्र्याक निर्माणका लागि वैकल्पिक बिजुलीको व्यवस्था

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल विद्युत् प्राधिकरणले काठमाडौँ–तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) अन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका–८ माण्डु माल्टाबेंसी र इन्द्रसरोवर गाउँपालिका–३ सिस्नेरी कोगटे क्षेत्रमा पर्ने सडक निर्माणका लागि आवश्यक बिजुली वैकल्पिक व्यवस्थामार्फत आपूर्ति दिने भएको छ । बिजुली अभावमा फास्ट ट्र्याकको निर्माण प्रभावित हुन नदिन प्राधिकरणले वैकल्पिक व्यवस्था गरी जतिसक्दो छिटो आपूर्तिका लागि काम अगाडि बढाइसकेको छ ।



स्थानीय बासिन्दाका लागि भने बिजुली आपूर्तिमा भने कुनै समस्या छैन । फास्ट ट्र्याकको माण्डु माल्टाबेंसी र सिस्नेरी कोगटे क्षेत्रमा पुल, ग्यालरी सुरुङलगायतका संरचना निर्माणका लागि आवश्यक बिजुली अभावमा निर्माण प्रभावित हुन नदिन प्राधिकरणले वैकल्पिक व्यवस्था गरी आपूर्ति दिन लागेको छ । फास्ट ट्र्याकलाई यस क्षेत्रमा झन्डै १२ मेगावाट बिजुली आवश्यक पर्नेछ । यस क्षेत्रमा चार प्याकेजमा निर्माण भइरहेको छ । बिजुली आपूर्तिको वैकल्पिक व्यवस्थाअन्तर्गत कुलेखानी पहिलो जलविद्युत् केन्द्र ढोर्सिङ्गबाट माण्डुसम्मको पहिले चालू रहेको ६६ केभी लाइनलाई ११ केभीमा सञ्चालनमा ल्याइने छ । काठमाण्डौमा जगेडामा रहेको २२ दशमलव ५ एमभीएको पावर ट्रान्सफर्मरलाई ढोर्सिङ्ग सबस्टेशनमा लगेर त्यहाँ जडान गरी त्यहीमार्फत फास्ट ट्र्याकका लागि आवश्यक बिजुली आपूर्ति दिइनेछ ।

ढोर्सिङ्ग सबस्टेशनमा स्थानीय रूपमा बिजुली आपूर्तिका लागि अहिले ५ एमभीए क्षमताको पावर ट्रान्सफर्मर पूर्ण भारमा चालू रहेकाले थप बिजुली प्रवाह गर्न नसकिने हुँदा अर्को ठूलो क्षमताको ट्रान्सपर्मर थप्न लागिएको हो ।

गएको असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढी पहिरोले माण्डु हाइड्रोपावर लिमिटेडले सञ्चालन गरेको २२ मेगावाटको बाग्मती खोला साना जलविद्युत्को विद्युत् गृहलगायतका संरचनामा ठूलो क्षति पु¥याई बिजुली उत्पादन बन्द हुँदा फास्ट ट्र्याक खण्डमा आपूर्ति हुन सकिरहेको छैन ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन